मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

**परिस्थिति सामान्य भएपछि ४१ स्थानबाट फिर्ता भयो सेना**

समाचार पृष्ठ ५ मा



वर्ष ३ | अंक ३१८ | २०८२ साल कार्तिक ०२ गते आइतबार | Sunday 19, October 2025 | सूर्योदयः बिहान ०६:०७ बजे | सूर्यास्तः साँझ ५:३३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## उद्योग वाणिज्य संघका अध्यक्ष कुट्ने प्रहरीलाई कारबाही गर्न निर्देशन

*जनकपुरधाममा प्रहरी र व्यवसायीबीच भएको झडपमा उद्योग वाणिज्य सङ्घ जनकपुरका अध्यक्ष सुरेन्द्र भण्डारी प्रहरीको कुटपिटबाट घाइते भएका छन् । घटनापछि मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले अस्पताल पुगेर घाइते भण्डारीको अवस्था बुझ्दै प्रदेश प्रहरी प्रमुखलाई तत्काल छानबिन गरी दोषी प्रहरीमाथि कारबाही गर्न निर्देशन दिएका छन् । शुक्रबार राति सोनारपट्टी क्षेत्रमा सुनचाँदी पसलमा प्रहरीले छापा मार्दा विवाद उत्पन्न भई झडप भएको र त्यस क्रममा भण्डारी घाइते भएको जनाइएको छ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले शुक्रबार राति जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि भएको प्रहरी कुटपिटको घटनाप्रति गम्भीर चासो व्यक्त गर्दै तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्न प्रहरी प्रशासनलाई निर्देशन दिएका छन् । शनिबार बिहान अस्पताल पुगेर प्रहरीको कुटाइबाट घाइते भएका अध्यक्ष भण्डारीलाई भेटेपछि मुख्यमन्त्री सोनलले मधेश प्रदेशका प्रहरी प्रमुखलाई सिधै फोन गरेर घटनाको सत्यतथ्य पत्ता लगाई दोषी प्रहरीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिएका हुन् ।



घटना शुक्रबार राति जनकपुरको सोनारपट्टी क्षेत्रमा भएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले स्थानीय सुनचाँदी पसलमा छापा मार्न जाँदा विवाद उत्पन्न भएको थियो । दीपावली जस्तो महत्त्वपूर्ण पर्वको समयमा रातिको समयमा आएर छापा मार्दै व्यापारीलाई दुःख दिएको भन्दै सुनचाँदी व्यवसायीले प्रहरीको प्रतिकार गरेका थिए ।

यसैक्रममा प्रहरी र व्यवसायीबीच झडप भएको थियो । झडपक्रममा जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष भण्डारी घाइते भएका थिए ।

यस्तै, जनकपुरधाम उद्योग वाणिज्य सङ्घले जनकपुरको एउटा सुन पसलमा प्रहरीले छापा मार्ने क्रममा भएको विवादको घटनाबारे छानबिन गरी दोषीमाथि कारबाहीको माग गरेको छ ।

शुक्रबार जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमको नेतृत्वमा गैरकानूनी छापा मार्ने क्रममा झडप भएको थियो । त्यस क्रममा सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी घाइते हुनु भएकाले घटनाको छानबिन गरी त्यसमा सङ्लग्नलाई कारबाहीको माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लिखित ज्ञापनपत्र पठाएको वरिष्ठ उपाध्यक्ष मनोजकुमार साहले जानकारी दिए ।

प्रहरीले अवैध कारोबार भइरहेको भन्दै शुक्रबार साँझ जनकपुरधाम–५ स्थित सञ्जय पायल ज्वेलर्स पसलबाट चाँदी तथा सुनका गरगहना जफत गर्न खोज्दा विवाद भएको थियो । विवादको समयमा प्रहरी तथा व्यवसायीबीच झडप भएको थियो । त्यसबेला प्रहरीले अश्रुग्याससमेत प्रहार गरेको थियो । सङ्घका अध्यक्ष भण्डारीले तिहारका बेला प्रहरी एक्लैले छापा मार्न नमिल्ने भनेर विरोध गर्दा उनीमाथि कुटपिट भएको र हाल उनको जनकपुरधाम प्रादेशिक अस्पतालको सघन कक्षमा उपचार भइरहेको सङ्घले जनाएको छ । सङ्घका वरिष्ठ उपाध्यक्ष साह नेतृत्वमा प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यलाई अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीलाई पठाउने गरी ज्ञापनपत्र बुझाइएको हो ।

## मधेशका ३४ पालिका बजेटविहीन

**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको तीन महिना बित्न लाग्दासमेत देशभरका ४३ र मधेशका ३४ स्थानीय तहले बजेट प्रस्तुत गरेका छैनन् । देशभरका सात सय ५३ स्थानीय तहले हरेक वर्षको असार १० गते नै वार्षिक बजेट सार्वजनिक गर्ने गरेका छन् । तर बजेट नल्याउने मामलामा मधेश सधैँ अगाडि हुने गरेको छ । संविधानमा नै हरेक वर्षको जेठ १५ गते अर्थात् गणतन्त्र दिवसको दिन सङ्घीय सरकारको बजेट प्रस्तुत गर्ने व्यवस्था गरेको छ । नेपालको संविधान जारी भएपछि सोहीअनुसार नै बजेट प्रस्तुत हुँदै आएको छ । यस्तै, प्रदेश सरकारले असार १ गते बजेट प्रस्तुत गर्ने गरेका छन् । तोकिएको समयभन्दा धेरै ढिला भइसक्दा पनि बजेट प्रस्तुत नगरेर स्थानीय तहले जिम्मेवारी पूरा नगरेको भन्दै आलोचना समेत हुने गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार मधेश प्रदेशका एक सय ३६ स्थानीय तहमध्ये एक सय दुई वटा स्थानीय तहले बजेट प्रस्तुत गरेका छन् । यो प्रदेशका ३४ वटा स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन् । मन्त्रालयका अनुसार सप्तरीका डाक्रेश्वरी नगरपालिका, राजविराज नगरपालिका, अग्निसाइर कृष्णासवरन गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, बलान बिहुल गाउँपालिकाले बजेट प्रस्तुत गर्न सकेका छैनन् ।

सिरहाको कल्याणपुर, धनगढीमाई नगरपालिका, सुखीपुर नगरपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, धनुषाधाम नगरपालिका, नगराइन नगरपालिका, मिथिला नगरपालिका, औरही गाउँपालिका, कमला नगरपालिका, जनकनन्दिनी गाउँपालिका, हंपसुर नगरपालिका र धनौजी गाउँपालिकाले चालु आवको बजेट सार्वजनिक गरेका छैनन् । महोत्तरीको सोनमा गाउँपालिका, मलङ्गवा नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका, चन्द्रनगर गाउँपालिका, रामनगर गाउँपालिका, रौतहटको कटहरिया, देवाही गोनाही नगरपालिका, फतुवा विजयपुर नगरपालिका, यमुनामाई गाउँपालिकाले बजेट सार्वजनिक गरेका छैनन् ।

यस्तै, बाराको महागढीमाई नगरपालिका, सुवर्ण गाउँपालिका, विश्रामपुर गाउँपालिका, पर्साको पोखरिया, पकाहा मैनपुर गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका र कालिकामाई गाउँपालिकाले चालु आवको बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ । अधिकांश स्थानीय तहमा राजनीतिक सहमति हुन नसक्दा बजेट प्रस्तुत हुन नसकेको पाइएको छ ।

## सूर्य नेपालको नाम लिएर ६ व्यवसायी ठगिए

**मधेशदृष्टि**
**वीरगंज ।**
सूर्य नेपालको गुडविल दुरुपयोग गर्दै ठगी गिरोहले लाखौँ रुपैयाँ ठगी गरेको पाइएको छ । गिरोहले सिमरास्थित सूर्य नेपालको नक्कली लेटरप्याड प्रयोग गरी विभिन्न मितिमा मार्बल, ब्याट्रीलगायतका सामग्री अर्डर गरेर ठगी गरेको पाइएको हो । सामान आपूर्तिपछि भुक्तानी नभएपछि यसको खुलासा भएको हो ।

सूर्य नेपालका अधिकारीका अनुसार, कम्पनीले कुनै पनि व्यवसायीसँग त्यस्तो अर्डर नगरेको र यस विषयमा इलाका प्रहरी कार्यालय सिमरामा जानकारी गराइसकेको छ । उनका अनुसार, ठगी समूहले नक्कली भौचर, छाप र कर्मचारीको हस्ताक्षर समेत प्रयोग गरेको छ । सूर्य नेपालका नाममा छ जना व्यवसायी ठगिएको पाइएको छ । व्यवसायीले कम्पनीलाई सामान पठाएपछि रकम भुक्तानी नपाए र सूर्य नेपालको कार्यालयमा सम्पर्क गरेका थिए । तर कम्पनीले ती सामान आफूहरूसम्म कहिल्यै नपुगेको स्पष्ट गरेको छ । पछिल्लो घटना अनुसार, गिरोहले मकवानपुरको मनहरीस्थित ग्रामीण सप्लायर्सबाट ३ लाख ५० हजार रुपैयाँ मूल्यका १२ थान ब्याट्री अर्डर गरी वीरगंजमा अनलोड गराएको थियो । यो घटनाले गिरोह वीरगंजकै भएको अनुमान छ ।

ठग समूहले ग्लोबल आइएमई बैंकमा सूर्य नेपालको नाममा खोलिएको भनिएको खातामा रकम जम्मा भएको भनी नक्कली भौचरसमेत पठाएको थियो । तर बैंकमा भौचर कहिल्यै दर्ता नभएको पुष्टि भएको छ ।

ठगीको यो घटना सार्वजनिक भएपछि वीरगंजका व्यवसायीले पर्साका प्रमुख जिल्ला अधिकारीलाई दोषीहरू पक्राउ गरी कडा कारबाही गर्न माग गरेका छन् । व्यवसायी अभिषेक शर्माका अनुसार कम्पनीले लेटर प्याड प्रयोग गरेको, सही छाप गरेर खरिद आदेश गरेको एवम् कम्पनीको स्टोर किपरको नाम लिएर कुराकानी गरेको, स्टोर किपरको नाम पनि उही भएका कारण एउटा प्रतिष्ठित कम्पनीले माग गरेपछि सामान पठाइएको हो ।

## ‘पालिकाका अध्यक्ष र उपाध्यक्ष हराए’





**मधेशदृष्टि**
**बारा ।**
बारामा युवाहरुले जनप्रतिनिधि खोजेका छन् । उनीहरुले आफ्नो जनप्रतिनिधि हराएकाले देख्नुहुनेले गाउँपालिकामा ल्याएर छाडिदिन आग्रह गर्दै कटाक्षपूर्ण प्रदर्शन गरेर खबरदारी गरेका छन् ।

आदर्श कोतवाल गाउँपालिका वडा नम्बर ४ हरनैया चोकमा युवाले गाउँपालिका अध्यक्ष र उपाध्यक्ष हराएको भन्दै प्रदर्शन गरेका हुन् । विभिन्न १४ बुँदे माग गर्दै ५ दिनदेखि आन्दोलनरत युवाले शनिबार ‘गाँउपालिका अध्यक्ष र उपाध्यक्ष हराएको सुचना’ लेखिएको ब्यानरसहित प्रदर्शन गरे ।

प्रदर्शनक्रममा युवाहरुले ५ दिनदेखि सम्पर्कविहीन अध्यक्ष र उपाध्यक्ष खोजिदिन आग्रहसहित नाराबाजी गरेका थिए । सम्पर्कविहीन भएका जनप्रतिनिधि हराएको भन्दै युवाले कहिँ कतै फेला परे गाउँपालिका कार्यालयमा पुर्याइदिन वा गाउँपालिका आउने बाटो देखाइदिन आग्रह गरेका थिए । गाउँपालिका कार्यालयमा ५ दिनदेखि युवाको तालाबन्दीले कामकाज ठप्प छ ।







# जेन्जी हाम्रै स्मार्ट छोराछोरीः पुन

**काठमाडौँ ।**
माओवादी केन्द्रका नेता वर्षमान पुनले जेन–जी आन्दोलनको भावना अनुसार देश अघि बढ्नुपर्ने बताएका छन् ।
तिहार, नेपाल संवत र छठजस्ता चाडपर्वको अवसर पारेर पार्टी निकट अखिल नेपाल ट्रेड युनियन महासंघद्वारा शनिबार कोटेश्वर पेरिसडाँडामा आयोजित कार्यक्रममा माओवादी केन्द्रका सचिवालय सदस्य पुनले जेन–जी पुस्ताले उठाएका धेरै एजेण्डा र आफ्ना दलका एजेण्डा मिल्ने बताएका हुन् ।उनका अनुसार जेन–जी आन्दोलन कुनै बाह्य शक्ति होइन, देशकै नयाँ पुस्ताको चेतना हो । 'जेन–जी भनेको १३ देखि २८ वर्ष उमेर समूहका भर्चुअल र डिजिटल दुनियाँमा हुर्केका हाम्रै छोराछोरी र नातिनातिनाहरू हुन्,' पुनले भने, 'तिनीहरू बुद्धिमान छन्, सक्षम छन् र संसारभरका सूचनासँग जोडिएका छन् ।'
पुनले अहिलेको सामाजिक संरचनामा एउटै घरमा बस्नेहरूबीच पनि चिनजान नहुने अवस्था रहेको बताउँदै जेन्जी पुस्ताले भर्चुअल संसारमार्फत विश्वका विभिन्न देशसँग सम्बन्ध, ज्ञान र व्यापारिक गतिविधि कायम राखिरहेको उल्लेख गरे ।
'जेन्जी नेपालमै बसेर युरोप, अमेरिका, जापान, कोरिया, भारत र चीनसम्म व्यापार वा जागिर गरिरहेको छ,' उनले भने, 'त्यसैले उनीहरूको आकांक्षा बुझेर मात्र देशलाई अगाडि बढाउन सकिन्छ ।'
पुनले माओवादी केन्द्र जेन–जी समूहसँग सहकार्य गर्न तयार रहेको बताउँदै लोकतन्त्रलाई अझ पारदर्शी, प्रभावकारी र समावेशी बनाउन उनीहरूको सहभागिता जरुरी रहेको बताए । तर, उनले संविधान मेट्ने वा परिवर्तनलाई उल्ट्याउने प्रयास सह्य नहुने चेतावनी दिए ।
'हामीले परिवर्तनका लागि जीवन जोखिममा राख्यौं,' उनले भने, 'अब पनि परिवर्तन उल्ट्याउने कोसिस भयो भने फेरि लड्न तयार छौं ।'
उनले जेन्जी आन्दोलनलाई विश्वव्यापी चेतनाको लहरका रूपमा चित्रण गर्दै क्रान्तिकारीहरूले यसलाई उत्पीडित वर्गको आकांक्षासँग जोड्नुपर्ने धारणा व्यक्त गरे ।
पुनले आफू र पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' विभिन्न जेन–जी समूहसँग संवाद गरिरहेको खुलासा पनि गरे ।
त्यसैगरी उनले २३ भदौको शान्तिपूर्ण जेन–जी प्रदर्शनमा गोली प्रहार गरी निहत्था विद्यार्थीको हत्या गर्नेहरूलाई कारबाही नगरी बरु आफ्ना पार्टीका कार्यकर्तालाई लक्षित गरेर दवाब सिर्जना गरिएको भन्दै असन्तोष जनाए ।
'हामी परिवर्तनका पक्षधर हौं, तर परिवर्तन बोकेका हाम्रा कार्यकर्तालाई तर्साउने प्रवृत्ति बन्द हुनुपर्छ,' पुनले चेतावनी दिए । 'सत्तामा रहेका बिचौलियालाई छोड्ने र प्रचण्डलाई दोष देखाउने प्रवृत्ति गलत हो ।'
उनले प्रचण्ड प्रधानमन्त्री हुँदा आफ्नै पार्टीका नेतामाथि पनि भ्रष्टाचारका उजुरी परे अनुसन्धान गर्न निर्देशन दिएको स्मरण गर्दै भने, 'हामी भ्रष्टाचारको जाँचमा तयार छौ । माओवादीले नै पारदर्शिता र उत्तरदायित्वको अभ्यास गरेको हो ।'
पुनले प्रधानमन्त्री सुशीला कार्कीलाई भेटी आगामी चुनावमा माओवादी प्रतिबद्ध रहेको जानकारी गराएको बताउँदै देशको स्वाधीनता र जनअधिकारमा सम्झौता नगर्ने दृढता दोहोर्याए ।
'हामी शान्ति र प्रगति चाहन्छौं, तर कसैसँग हेपिन तयार छैनौं,' उनले भने, 'हिजो दुनियाँका शक्तिहरुसँग पनि नडराएका हौं, आज पनि दृढतापूर्वक उभिन्छौं ।'
त्यस्तै, उनले २४ भदौका तोडफोड र आगजनीमा संलग्नहरूलाई छानबिन गरी कानूनी कारबाही गर्न माग गरे । '२३ गतेको आन्दोलन सुशासन र सकारात्मक एजेण्डासहितको थियो,' उनले भने, 'तर २४ गते घुसपैठ गरेर भएको विध्वंस अपराध हो, त्यसका दोषीलाई दण्डित गर्नुपर्छ ।'
अन्त्यमा, पुनले लोकतन्त्रको स्थायित्व, राष्ट्रिय स्वाधीनता र विकासका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेको निष्कर्ष प्रस्तुत गरे ।

# सैनिक कल्याणकारी कोषबाट १० लाख लाभान्वित



**काठमाडौँ ।**
नेपाली सेनाले विश्व शान्ति स्थापनार्थ खटिएबापत प्राप्त रकमबाट कट्टा गरी स्थापना गरिएको सैनिक कल्याणकारी कोषबाट १० लाखभन्दा बढी हिताधिकारी लाभाविन्त भएको नेपाली सेनाले जनाएको छ ।
सेनाले विसं २०३२ मा सैनिक कल्याणकारी कोषको स्थापना गरी सङ्गठनमा कार्यरत सकलदर्जा तथा अवकाश प्राप्त सैनिक र सम्पूर्ण आश्रित परिवारलाई विभिन्न सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको छ ।
गत असार मसान्तसम्ममा कोषको नगद मौज्दात ७९ अर्ब तीन करोड २५ लाख रुपैयाँ र लगानी सात अर्ब ७१ करोड ५३ लाख रुपैयाँ गरी कूल सम्पत्ति ८६ अर्ब ७४ करोड ७८ लाख रुपैयाँ रहेको सेनाले जनाएको छ ।
सेनाले कोषबाट आफ्ना हिताधिकारिलाई शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतमा आधारित रही विभिन्न सेवा तथा सुविधा उपलब्ध गराउँदै आइएको युद्धकार्य निर्देशक मनोज थापाले जानकारी दिए ।
कल्याणकारी सुविधामध्ये शिक्षातर्फ हाल १२ वटा महाविद्यालय–विद्यालय, चिकित्सा, पोलिटेक्निक र कृषि गरी पाँच वटा प्राविधिक शिक्षालय र २४० वटा विद्यालयमार्फत हिताधिकारीलाई सुविधा प्रदान गरिएको सेनाले जनाएको छ ।
स्वास्थ्य सेवातर्फ काठमाडौँ उपत्यकामा वीरेन्द्र अस्पताल, उपत्यका बाहिर तीन वटा सैनिक अस्पताल र तीन वटा फिल्ड अस्पतालहरु सञ्चालनमा छन् । जटिल प्रकृतिको रोग लागेका ५३० जना हिताधिकारी स्वास्थ्य सुविधाबाट लाभान्वित भसकेका छन् ।
आर्थिक वर्ष २०८१–८२ मा चार लाख ७६ हजार ३४८ जनालाई रु ७६ करोड ४५ लाख ४० हजार ८०७ बराबरको औषधि तथा औषधिजन्य सामग्री वितरण गरिएको सेनाले जनाएको छ । हालसम्म एक हजार ५८४ जनालाई रु ४० करोड ७५ लाख २० हजार स्वास्थ्य बिमाबापतको सहुलियत रकम प्रदान गरिएको छ ।
सेनाले सकल दर्जालाई आवास कर्जा, महत्वपूर्ण घडेरी कर्जा, परिवार आवास, सुपथ मूल्य क्यान्टिन, लघुवित्त कर्जा र सवारी कर्जा उपलब्ध गराउँदै आएको छ ।
हाल १० वटा मिसनमा ५३८ महिला सैनिकसहित कूल पाँच हजार ८२० जना शान्ति सैनिक तैनाथ रहेका निर्देशक थापाले जानकारी दिनुभयो । विश्व शान्ति स्थापनार्थ खटिइएका ७४ सैनिकहरुले जीवनोत्सर्ग गरेका छन् । हाल नेपाली सेना शान्ति स्थापना कार्यका लागि फौज खटाउने राष्ट्रहरुको सूचीमा पहिलो स्थानमा रहेको छ भने महिला सैनिकको सहभागितामा अग्रस्थानमा रहेको छ ।रासस

# लोकतन्त्र पुनःस्थापनाका लागि सक्रिय हुन्छौँः ओली



**काठमाडौँ ।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक दलहरूबीच संवादबिना मुलुकमा निर्वाचनको वातावरण सिर्जना हुन नसक्ने बताएका छन् । शनिबार च्यासलस्थित पार्टी मुख्यालयमा आयोजित चियापान कार्यक्रममा बोल्दै उनले हालको सुरक्षा अवस्था र राजनीतिक अस्थिरताबीच चुनाव गर्न कठिन हुने उल्लेख गरे ।
ओलीका अनुसार हाल देशभर प्रहरीले प्रयोग गर्ने करिब १ हजार २०० थान हतियार र एक लाखभन्दा बढी गोली लुटिएको छ, त्यस्तै साढे पाँच हजार कैदी फरार रहेका छन् । 'यस्तो परिस्थितिमा चुनाव सहज सम्भव देखिँदैन,' उनले भने ।उनले जेन्जी आन्दोलनका नाममा हिंसा र अराजकता फैलाउने गतिविधिको विरोध गर्दै भने, 'हिंसा र आतंक फैलाएर देश चलाउन खोज्ने प्रयास स्वीकार्य हुँदैन । लोकतान्त्रिक प्रणालीमा हामी सबैको सुरक्षा र स्वतन्त्रताको रक्षा राज्यले गर्नुपर्छ, नागरिकले आफैंलाई जोगाउने स्थिति आउनु हुँदैन ।'
ओलीले एमाले सदैव लोकतन्त्र र शान्ति सुव्यवस्थाको पक्षमा रहेको स्पष्ट गर्दै भने, 'हामी लोकतन्त्रका लागि संघर्ष गरेर आएका हौं, त्यसको पुनःस्थापना र सुदृढीकरणका लागि एमाले सक्रिय रहनेछ ।'
उनले कार्यकर्ताहरूलाई दलको नीति र अडानप्रति दृढ रहन आह्वान गर्दै विघटित प्रतिनिधिसभाको पुनःस्थापना अझै पनि आफ्नो पार्टीको मूल धारणा रहेको दोहोर्याए । 'एमालेको नीति स्पष्ट छ—संविधान, लोकतन्त्र र स्थायित्वको पक्षमा । त्यस दिशामा ढुक्क भएर अघि बढ्न सबैलाई आग्रह गर्दछु,' ओलीले भने ।

# द क्लिफमा हाइलाइन अभ्यास



**काठमाडौँ ।**
पर्वतको कुस्मा र बाग्लुङको बलेवाबीचमा रहेको कालीगण्डकी खोँचमा हाइलाइन अभ्यास गरिएको छ । हाल जर्मनीमा बसोबास गरिरहेका धनकुटा हिलेका शङ्कर कोइरालाले हाइलाइन अभ्यास गरेका हुन । उनी विगत १५ वर्षदेखि युरोपका विभिन्न ठाउँमा हाइलाइन गर्दै आएका छन् ।
बञ्जीलगायत एड्भेञ्चर हबका रूपमा परिचित 'द क्लिफ'मा पहिलोपटक हाइलाइन अभ्यास गरिएको हो । साहसिक पर्यटन प्रवद्र्धनको उद्देश्यले कोइरालाको संयोजनमा नेपालमा हाइलाइन प्रयास हुनु सुखद् रहेको द क्लिफका अध्यक्ष राजु कार्कीले बताए ।
हाइलाइनको क्रु सदस्यहरूमा कोइराला सहित तीन जना नेपाली, एक जना न्यूजील्यान्डका नागरिक र दुई जना जर्मनी नागरिक सहभागी छन् । कोइरालासँगै सुलभ चालिसे, सहन महर्जन, डायलन, कासिया, मटासे र मिथियासलाई नेपाल स्ल्याकलाइन कम्युनिटीले पनि साथ दिएको छ ।
गत असोज २९ देखि शुरु भएको हाइलाइन अभ्यास कात्तिक १ गतेसम्म चल्नेछ । द क्लिफका अध्यक्ष कार्कीका अनुसार नेपालमा पहिलोपटक यति उचाइमा हाइलाइन गरिएको हो । यसले साहसिक पर्यटनमा नयाँ सम्भावनाका ढोका खोल्ने अपेक्षा गरिएको छ । उचाइ, जोखिम र कौशलका कारण यो खेल अत्यन्त चुनौतीपूर्ण मानिन्छ । हाइलाइनको पहिलो दिनको अभ्यास बेनेट डायलन रेडले गरेका थिए ।
चार सय आठ मिटर लम्बाइको हाइलाइन गर्ने डोरीले कुस्मातर्फ हार्नेस जिपलाइन र बलेवातर्फ द क्लिफलाई जोडेको छ । यो हाइलाइन परियोजना दक्षिण–पूर्व एसियामा दोस्रो लामो भएको भनिएको छ र नेपालमा अहिलेसम्म सबैभन्दा लामो र अग्लो हाइलाइन मानिएको छ ।

**के हो स्ल्याकलाइन र हाइलाइन ?**

स्ल्याकलाइन सामान्यतया जमिनबाट ३० सेन्टिमिटरदेखि १ मिटर उचाइमा तानिएको पट्टीमा शरीर हल्का मोडेर, हात फैलाएर सन्तुलन मिलाउँदै हिँड्ने खेल हो । यो संसारभर पार्क, समुद्रकिनारा र बगैंचामा अभ्यास गरिन्छ। ध्यान, शरीर नियन्त्रण र लचकता बढाउने लोकप्रिय गतिविधि हो ।
हाइलाइन भने २० मिटरदेखि सयौँ मिटर उचाइमा तानिएको लाइनमा सेफ्टी हार्नेस र लिस प्रणालीसहित हिँड्ने साहसिक खेल हो । सन्तुलनका लागि गहिरो ध्यान, स्थिर नजर र श्वास नियन्त्रण अत्यावश्यक हुन्छ । यो पर्वत, पुल र खोँचमा अभ्यास गरिन्छ र मानसिक तथा शारीरिक शक्ति परीक्षण गर्ने अत्यन्त रोमाञ्चक खेल हो । रासस

# स्वास्थ्यमन्त्री पाठक सुटुक्क फार्मेसीमा पुगेपछि...



**बागलुङ ।**
बागलुङको धौलागिरि प्रादेशिक अस्पतालमा बिरामीले औषधि नपाएको गुनासोपछि गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठक शनिवा फार्मेसीमा पुगे ।
बिहीबार अस्पताल फार्मेसीमा पुगेका स्वास्थ्य बिमामा आबद्ध अधिकांश बिरामीले नियमित रूपमा सेवन गर्ने थाइराइड, उच्च रक्तचाप, सुगर र मुटुलगायतका बिरामीले औषधि नपाएको गुनासो समाचारसमेत सार्वजनिक भएको थियो । उनी आज पोखराबाट अस्पताल प्रशासनलाई थाहै नदिइ अनुगमनमा आएका हुन ।
सुटुक्क फार्मेसीमा पुगेका पाठकलाई फार्मेसीका कर्मचारीले शुरुमा चिन्न सकेनन् ।
मन्त्री पाठकले प्रदेश सरकारले औषधि खरिदका लागि पैसा पठाइसकेकाले किन औषधि खरिद नगरेको भन्दै प्रमुख मेडिकल सुपरिटेन्डेन्ट र फार्मेर्सी इञ्चार्जलाई प्रश्न गरे ।
अस्पतालका स्वास्थ्यकर्मी र फार्मेसीको बाहिर आफ्नो निजी पसल भएकाले अस्पतालमा औषधि अभाव बनाइराख्ने गरेको बिरामीको गुनासोपछि मन्त्री पाठकले निजी फार्मेसी र प्रायोगशाला रोज्ने कि अस्पताल रोज्ने भन्दै स्वास्थ्यकर्मीलाई प्रश्न गरेका थिए ।
उनीसँगै बिरामीले प्रयोगशाला र फार्मेसीमा काम गर्ने अधिकांश कर्मचारीको अस्पताल बाहिर आफ्नै फार्मेसी र प्रयोगशाला रहेकाले मिलेमतोमा समस्या सिर्जना गरिएको गुनासो गरे ।
स्वास्थ्यमन्त्री पाठकले अस्पतालमा काम गरेर बाहिर प्रयोगशाला र फार्मेसी चलाउनेलाई कारबाही गर्ने भन्दै तुरुन्तै औषधिको आपूर्ति व्यवस्था मिलाउन अस्पताललाई निर्देशन दिए । पाठकले स्वास्थ्य मन्त्रालयले तत्कालै दोहोरो फाइदा लिने कर्मचारीलाई अस्पताल वा निजी फार्मेसी रोज्न निर्देशन दिएका छन् ।
'अस्पतालमा जागिर गर्ने तर निजी स्वार्थका लागि बिरामीलाई औषधि नदिएर बाहिर पठाउने कुरा गलत छ । प्रदेशले औषधि खरिदका लागि पठाएको रकमले छिटो औषधि खरिद गरौँ । मन्त्रालयले दुईतिर काम गर्ने कर्मचारीलाई कारबाही गर्न तत्कालै परिपत्र पठाउछ', मन्त्री पाठकले अनुगमनपश्चात् भने । अस्पतालले समयमै औषधि नल्याउँदा बिरामी महँगो मूल्यमा औषधि खरिद गर्न बाध्य भएका छन् ।रासस

# दुई कृति विमोचन

**काठमाडौँ ।**
कवि शिवप्रसाद श्रेष्ठको एकैसाथ दुईवटा कविता सङ्ग्रहको आज लोकार्पण गरिएको छ ।
यहाँ शनिवार आयोजित कार्यक्रममा बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री विन्दु श्रेष्ठ, चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी र उपप्रमुख वसन्ती श्रेष्ठ र वरिष्ठ साहित्यकार एवम् समालोचक डा योगेन्द्र प्रधानले संयुक्त रुपमा 'आमाको स्वर' र नेपाल भाषाको 'ह्यॉंउगु निभाःया जः' (चिनाखँ मुना) नामक कविता सङ्ग्रहको शनिवार लोकार्पण गरेका हुन् ।
कवि श्रेष्ठद्वारा लिखित 'आमाको स्वर' मा ८७ वटा कविता समावेश गरिएको छ ।
त्यसैगरी, नेपाल भाषाको 'ह्यॉंउगु निभाःया जः' (चिनाखँ मुना) मा ८१ वटा कविता सङ्ग्रहित छन् । श्रेष्ठका कविताहरुमा देशभक्ति, मातृप्रेम, मातृभाषा, धार्मिकलगायतका विषयवस्तु समेटिएका छन् ।
२०२० साल देखि २०३२ सालमा चन्द्रागिरिको श्री कृष्ण प्राथमिक विद्यालय, २०३२ सालदेखि २०३५ सालसम्म तत्कालीन बलम्बु प्राथमिक विद्यालय र २०३५ सालदेखि २०५७ सालसम्म र भीम प्राथमिक विद्यालयमा शिक्षण पेसामा संलग्न श्रेष्ठले तबलाको प्रशिक्षणसमेत दिँदै आएका छन् ।
सोही अवसरमा बागमती प्रदेशका उद्योगमन्त्री श्रेष्ठ कवि श्रेष्ठद्वारा लिखित दुई कविता सङ्ग्रहले नेपाली साहित्यको क्षेत्रमा थप बलियो बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरे । रासस


हिमालयन लाइफ
HIMALAYN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालयः पो.ब.नं. २५९७१
मनकामना मार्ग, हात्तीसार, काठमाण्डौ, नेपाल
(कम्पनी ऐन २०६३ र बीमा ऐन २०७९ अन्तर्गत स्थापित)
फोन नं. ०१-४४४१४१४, ०१-५९७००५७

यस कम्पनीबाट जारी तपसलिमा उल्लेख भएका बीमालेखका बीमितहरुले बिमालेख हराएको/नासीएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उत्तः बमालेख उपर सकैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | बीमालेख नं. | बीमितिको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १०१०००५००० | रणधीर कुमार यादव | बिसरभोरा–०९ धनुषा |



**कल्टु पोखरी सरसफाइ गरिँदैः** सशस्त्र प्रहरीले छठ पर्वलाई लक्षित गरी सप्तरीको राजविराजको कल्टु पोखरीमा सरसफाइ गरिँदै । तस्बिरः रासस

# पेट्रोलियम पाइपलाइनबाट वार्षिक तीन अर्ब ढुवानी बचत

**बारा।**
नेपाल–भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना सञ्चालनमा आएको छ वर्ष पूरा भएको छ। भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म रहेको पाइपलाइन सञ्चालन भएयता छ अर्ब ३४ करोड ९२ लाख लिटर पेट्रोलियम पदार्थ पाइपलाइनबाट आयात भएको नेपाल आयल निगमको मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जले जनाएको छ।



पाइपलाइनबाट हालसम्म छ अर्ब १४ करोड ३५ लाख लिटर डिजेल, २० करोड १५ लाख लिटर पेट्रोल र ४१ लाख लिटर मट्टितेल आयात भएको प्रादेशिक प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिए । अहिले मोतिहारीबाट पाइपलाइनमार्फत अमलेखगञ्जसम्म पेट्रोल, डिजेल र मट्टितेल आयात भइरहेको छ। विसं २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले सो परियोजनाको संयुक्त रूपमा उद्घाटन गरेका थिए।

सोही दिनदेखि नै पाइपलाइनबाट डिजेल आयात भइरहेको छ । यस्तै २०८१ असोज २४ देखि पेट्रोल र २०८१ मङ्सिर १९ गतेदेखि मट्टितेल पाइपलाइनबाट ल्याउन थालिएको हो। दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन परियोजनाको कूल लम्बाइ ६९ दशमलव दुई किलोमिटर छ । यसमध्ये भारततर्फ ३३ किलोमिटर र नेपालतर्फ ३६ दशमलव दुई किलोमिटर छ।

पेट्रोल, डिजेल र मट्टितेल आयात गर्न सकिने गरी 'मल्टी प्रोडक्ट पाइपलाइन' निर्माण गरिएको छ । पाइपलाइनबाट आयातित पेट्रोलियम पदार्थले नेपालको करिब ७० प्रतिशत माग पूर्ति हुँदै आएको छ। अमलेखगञ्जबाट काठमाडौँ, विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगञ्ज, जनकपुरस्थिति डिपोमा इन्धन आपूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट स्थानीयस्तरका पम्पका लागि पनि पेट्रोलिमय पदार्थ बिक्रीवितरण हुँदै आएको छ।

'नेपालको खपतको ७० प्रतिशत पेट्रोलियम पदार्थ अमलेखगञ्जबाटै आपूर्ति हुन्छ,' प्रमुख आचार्यले भने । पाइपलाइनबाट दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ अमलेखगञ्ज ल्याउन सकिन्छ। तर पेट्रोलियम पदार्थको माग नबढेकाले पूर्ण क्षमतामा पाइपलाइन सञ्चालन हुने अवस्था बनेको छैन। 'दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ आयत गर्नुपर्ने अवस्थामा निगम पुगेको छैन,' प्रमुख आचार्यले भने।

पेट्रोलियम पाइपलाइन परियोजनाको पहिलो चरणअन्तर्गत भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म पाइपलाई बिच्छयाइएको थियो । दोस्रो चरणमा अमलेखगञ्जमा पेट्रोलियम भण्डारण क्षमता अभिवृद्धिसँगै 'अटोमेसन'को काम सम्पन्न गरिएको हो । पाइपलाइन परियोजनाको दोस्रो चरणअन्तर्गत डिपोमा पेट्रोल, डिजेल र मट्टिटेल भण्डारणका लागि चार वटा नयाँ 'भर्टिकल ट्याङ्क' निर्माण गरिएको छ । पाइपलाइनबाट ल्याइएका पेट्रोलियम पदार्थको शुद्धता कायम राख्न दुई वटा ट्रान्समिक्स ट्रयाङ्क, अग्नि नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ।

अमलेखगञ्जमा भण्डारण क्षमता विस्तार गरी १७ हजार ५०० किलोलिटर पेट्रोल, २७ हजार ५०० किलोलिटर डिजेल र दुई हजार २०० किलोलिटर मट्टितेल राख्न सकिने बनाइएको छ । अमलेगञ्ज डिपो नेपालको सबैभन्दा ठूलो र अत्याधुनिक रहेको छ । पूराना र नयाँ गरी अमलेखगन्जमा ९४ हजार किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिने भएको छ।

मुलुकमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र वितरण प्रणालीलाई सुनिश्चित गर्न विसं २०३० मा अमलेखगञ्ज डिपोको निर्माण शुरु गरिएको थियो। करिब ६७ हजार सात सय २४ वर्गमिटरमा फैलिएको सो डिपो निर्माण सम्पन्न गरी २०३३ माघबाट सञ्चालनमा आएको थियो । देशकै सबैभन्दा ठूलो डिपोका रूपमा रहेको छ।

अमलेखगन्जस्थित डिपोमा हाल १५ हजार ११० किलोलिटर पेट्रोल, २४ हजार ८१० किलोलिटर डिजेल र दुई हजार २७० किलोकिलटर मट्टितेलको भण्डारण क्षमता रहेको छ । सरकारले सातै प्रदेशमा कम्तीमा तीन महिनाको माग धान्न सक्ने गरी भण्डारण क्षमता विस्तारको योजना अघि सारेको छ। सोही योजनाअनुसार निगमले अहिले विभिन्न प्रदेशमा भण्डारण क्षमता विस्तारका कार्यक्रम अघि बढाइरहेको छ।

पेट्रोलियम पाइपलाइनबाट इन्धन आयात गर्दा सडक मार्गमा आउने अवरोध अन्त्य भएको छ । 'टयाङ्कर दुर्घटनामा पर्नेदेखि सडक मार्गमा आउनसक्ने समस्याको जोखिम कम भएको छ', प्रमुख आचार्यले भने, 'इन्धन चोरी तथा मिसावटको प्रश्न उठ्ने नै भएन।' पाइपलाइनबाट इन्धन ढुवानी गर्दा वातावरणीय प्रभाव पनि कम पर्ने उनको भनाइ छ।

पेट्रोलियम पदार्थ ढुवानीका क्रममा लाग्ने ठूलो खर्च पनि जोगिएको छ । पाइपलाइनबाट तेल आउन थालेपछि वार्षिक रु तीन अर्ब ढुवानी खर्च बचत भएको छ। ढुवानी खर्च वचत भएपछि निगमले इन्धनको उपभोक्ता मूल्य पनि घटाएको छ।

- **राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना**

सरकारले सिलगुडी (भारत)–चारलआली (झापा) र अमलेखगञ्ज–लोथर पेट्रोलियम पाइपलाइन र ग्रीन फिल्ड टर्मिनल निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोकी निर्माणको काम अघि बढाएको छ । बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार गर्ने कार्य प्रारम्भ भइसकेको छ । निगमले गत साउन १६ गतेदेखि दोस्रो चरणको पेट्रोलियम पाइपलाइन विस्तारको काम थालेको हो। राप्ती नगरपालिका–१ लोथरस्थित करिब २३ विघा १२ कट्ठा जग्गामा अत्याधुनिक सुविधासहितको ग्रीन फिल्ड टर्मिनल निर्माण गरिनेछ । अमलेखगञ्जदेखि लोथरसम्मको दूरी ६२ किलोमिटरको दूरीमा १० दशमलव ७५ इञ्चको पाइपलाइन बिच्छयाइने निगमले जनाएको छ।

उक्त परियोजना तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको परियोजना प्रमुख प्रदीप यादवले जानकारी दिए । पूर्वपश्चिम राजमार्गको समानान्तर पाइपलाइन निर्माण गरिनेछ । बासट्ठी किलोमिटर लामो पाइपलाइनमा जुनसुकै बेला नियमित रूपले ३२ सय किलोलिटर इन्धन भण्डारण भइरहेको हुनेछ। पाइपलाइनबाट २७३ किलोलिटर प्रतिघन्टाको गतिमा तेल आपूर्ति गर्न सकिनेछ। पाइपलाइनबाट वार्षिक २० मिलियन टन इन्धन ढुवानी गर्न सकिने निगमले जनाएको छ । लोथरमा १६० वर्गमिटरको क्षेत्रफलमा पाइपलाइन स्टेसन निर्माण हुनेछ।

त्यसस्थानमा पेट्रोल भण्डारणका लागि ११ हजार किलोलिटर क्षमताका तीन वटा भर्टिकल ट्याङ्की निर्माण हुनेछ । यस्तै डिजेल भण्डारणका लागि १५ हजार ५०० किलोलिटर क्षमताका तीन वटा र मट्टितेल भण्डारणका लागि आठ सय किलोलिटर क्षमताका दुई वटा ट्याङ्की निर्माण गरिनेछ।

यसै हवाई इन्धनका लागि तीन हजार ६०० किलोलिटर क्षमताका तीन वटा टयाङ्क निर्माण गरिने निगमले जनाएको छ। लोथरमा बन्ने नयाँ डिपोमा ९१ हजार ९०० किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण हुनेछ । यसबाहेक दुई वटा ट्रान्समिक्स टयाङ्क निर्माण गरिनेछ । पाइपलाइनसहित भण्डारण गृह निर्माण लागत रु १४ अर्ब नौ करोड ६० लाख लाग्ने अनुमान गरिएको छ। रासस

# दीपावली पर्व प्रारम्भ मनाइयो धनतेरस

**महोत्तरी।**
सौरमासको कात्तिक सङ्क्रान्तिकै दिन शनिबार यसपालिको दीपावली (तिहार) पर्व शुरु भएको छ।



महोत्तरीसहितका मधेशका मिथिलाक्षेत्रमा कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म रहने दीपावली पर्वको पहिलो दिन शनिबार 'धनतेरस' मनाइएको छ।

मिथिलाको जनबोलीमा 'दिवाली' भनिने यो पर्वलाई 'यमपञ्चक' पनि भनिन्छ । पर्वको पहिलो दिन शनिबार धातुका नयाँ समान जोडेर लक्ष्मीको आराधना गर्दै 'धनतेरस' पर्व मनाइने तयारी छ । सामान्यतया पाँच दिनको यो पर्व यसपालि तिथिको भोग घटबढले छ दिनको भएको छ । शनिबार अपराह्न १३:२३ पछि त्रयोदशी लाग्नेहुँदा यसै तिथिको साँझ 'धनतेरस' मनाइएको हो।

शनिबार अपराह्न १३:२३ सम्म द्वादशी तिथिको भोग रहे पनि त्यसपछि त्रयोदशी तिथि शुरु हुने भएको हुँदा आजै धनतेरस मनाइने मैथिल कर्मकाण्डका ज्ञाताहरूको भनाइ छ। 'धनतेरस' लक्ष्मीकै आराधना भएको र यो सन्ध्याकालदेखि गरिने मैथिल चलन छ । मिथिलामा चाडपर्व र तिथि प्रयोजनसँग जोडिने कार्यहरू विद्यापति र मिथिला पञ्चाङ्गका आधारमा निर्णय गर्ने चलन छ। अपराह्न नै त्रयोदशी शुरु भएर शनिबार नै 'धनतेरस' मनाइए पनि यसै तिथिको कागपूजा भने आइतबार नै हुनेछ। यसैगरी लक्ष्मीपूजा र गाईपूजा पनि एकदिन अघिपछि परेको छ । सामान्यतया दिवालीको पहिलो दिन त्रयोदशी तिथिमा कागपूजा र धनतेरस एवम् औँसीमा गाईपूजा र सन्ध्यापछि लक्ष्मीपूजा गरिने चलन हुन्छ। तर यसपालि रातको औँसी सोमबार नै परेको हुँदा सोही दिन लक्ष्मीपूजा गरिने मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास–२ का बासिन्दा पण्डित दिनेशकुमार झा बताउँछन्।

यसपालि तिथिको भोग घटबढले फरकफरक दिन (एकदिन अघिपछि) यी पर्वविधि गरिन पर्ने भएको हो। धनतेरस आज र भैयादूज (भाइटीका) आउने बिहीबार परेको हुँदा पाँच दिनको भनिने 'यमपञ्चक' यसपालि एक दिन बढेर छ दिनको भएको हो । कात्तिक कृष्ण त्रयोदशीको रात्रिकाल भोगको (सूर्यास्तपछि) दिनलाई मिथिलामा 'धनतेरस' भनिन्छ। यस दिन नयाँ धातुका समान किनेर पूजाआराधना गर्दै दीपावली पर्व प्रारम्भ गर्ने मैथिल परम्परा छ। आज अपराह्न त्रयोदशी तिथि प्रारम्भ हुने हुँदा नक्षत्रादीको भोगले सन्ध्याकालमा धातुका नयाँ सामान किन्न शुभ हुने पं. झाको भनाइ छ।

घरघरमा शनिबार नै साँझदेखि उज्यालो बत्ती बालेर नयाँ किनिएका धातुका सामान र धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिनेछ।

मिथिलामा धनत्रयोदशी पनि भनिने 'धनतेरस' आज मनाइने भए पनि त्रयोदशी तिथिमै मनाइने धन्वन्तरी जयन्ती र काक पूजा भने भोलि आइतबार मनाइने छ । यसैगरी औँसीको रातमा गरिने लक्ष्मी पूजा सोमबार र यसै तिथिमा गरिने गाई पूजा भने मङ्गलबार गरिने छ । 'धनतेरस' र लक्ष्मीपूजा सन्ध्याकालसँगै शुरु गरेर रातभरि गरिन्छ। तर गाईपूजा भने दिनको उज्यालोमा गरिने चलनले यो मङ्गलबार बिहान गरिने झाले स्पष्ट पारे।

दीपावली मुख्यतः धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिने पर्व भएको हुँदा पहिलो दिन नै नयाँ वस्तु जोडेर लक्ष्मी खुसी पार्न 'धनतेरस' पर्वको परम्परा चलेको पाका मैथिल बताउँछन्। मिथिला क्षेत्रमा 'दिवाली'को पहिलो दिन नै बजारबाट किनेर ल्याइएको धातुका गहना वा भाँडालाई लक्ष्मीको प्रतिमा स्थापित गरिएका ठाउँमा पूजा गरेर यो पर्व विधिवत शुरु गरिने परम्परा छ। सन्ध्याकालमा दीप प्रज्वलनसँगै 'धनतेरस' को पूजा गरेर 'दिवाली' पर्व शुरु गरिन्छ।

पर्व विशेषका कारण तामा, पित्तल र काँस एवं सुनचाँदीका गहना बनाउने पसल एक दिन पहिलेदेखि नै झकीझकाउ बनाइएका छन्। मिथिलामा आज किनिएको समान शुभफल दिने, टिकाउ र नाफामूलक हुने जनविश्वास रहेको छ। रासस

# धनतेरसमा आयुर्वेदका देवता धन्वन्तरीको पूजा

धनतेरस अर्थात् कार्तिक कृष्ण पक्षको त्रयोदशी तिथि। देशभर धनतेरस पर्व मनाइएको छ। यो तिथिमा सुन, चाँदी, भाँडाकुँडा वा सवारी साधन किनमेल गर्ने परम्परा छ । साथै, यही दिन आयुर्वेदका प्रवर्तक भगवान धन्वन्तरीको जन्मोत्सव पनि मनाइन्छ।

सोही दिन भगवान विष्णुको पनि पूजा गर्ने चलन छ । सम्पूर्ण विश्वबासीहरु दीर्घायु र निरोगी हुन् भन्ने कामना गर्दै उनको पूजा गर्ने गरिएको हो । धार्मिक विश्वासअनुसार, यस दिन धातुका भाँडावर्तन वा सुनचाँदीका गरगहना किन्नेले लक्ष्मीको आशीर्वाद पाउँछन्।

**धन्वन्तरी को हुन् ?**

हिन्दू धर्म र पौराणिक कथाहरूमा भगवान धन्वन्तरीलाई आयुर्वेदका देवता, चिकित्सकहरूको संरक्षक, स्वास्थ्य, समृद्धि र दीर्घायुका प्रतीकका रूपमा मानिन्छ। उनी भगवान विष्णुको अवतार हुन् र पूर्वीय चिकित्सा विज्ञानका प्रथम आचार्य पनि मानिन्छन् । धन्वन्तरीले देव–असुर संग्रामका बेला भगवान विष्णुको अवतारका रूपमा प्रकट भई देवताहरूको उपचार गरेका थिए। त्यसैले, उनलाई भगवान राम र श्रीकृष्णकै स्तरमा राखी पूजा गर्ने परम्परा रहिआएको छ। महाभारत, विष्णु पुराण, अग्नि पुराण र श्रीमद्भागवत महापुराणमा धन्वन्तरीको महिमा उल्लेख गरेको पाइन्छ।

धन्वन्तरीको उत्पत्तिः समुद्र मन्थनबाट

धन्वन्तरीको जन्म समुद्र मन्थनको समयमा भएको थियो, जुन देवता र असुरबीचको ऐतिहासिक घटना हो। क्षीरसागर (दूधको सागर) मा मन्दराचल पर्वतलाई मथानी र वासुकी नागलाई डोरी बनाएर समुद्र मथिँदै थियो । भगवान विष्णुले कूर्म (कछुवा) अवतार लिएर पर्वतलाई आधार दिएका थिए।

मन्थनको क्रममा अनेक दिव्य वस्तुहरू प्रकट भए । लक्ष्मीदेवी, पारिजात वृक्ष, ऐरावत हात्ती, चन्द्रमा, कौस्तुभ मणि, कामधेनु गाई, आदि। ती सबैमध्ये एक दिव्य स्वरूपमा भगवान धन्वन्तरी अमृतको कलश लिएर समुद्रबाट प्रकट भए।

उनी चार हात भएका, तेजस्वी र सुन्दर स्वरूपका थिए । हातमा अमृत कलश, शंख, चक्र र औषधीय जडीबुटी बोकेका। यो प्रतीकले स्वास्थ्य, उपचार र अमरत्वको संकेत गर्छ।

**धन्वन्तरी र आयुर्वेद**

भगवान धन्वन्तरीलाई आयुर्वेदको प्रणेता र प्रथम चिकित्सक मानिन्छ । आयुर्वेद, जसको अर्थ 'जीवनको विज्ञान' हो, संसारको सबैभन्दा पुरानो चिकित्सा पद्धतिहरूमध्ये एक हो ।उनले मानवलाई रोगमुक्त र दीर्घायु जीवनको ज्ञान दिएका थिए । धन्वन्तरीले शरीर, मन र आत्माको सन्तुलनमा आधारित चिकित्सा प्रणालीको स्थापना गरे, जसले आज पनि आयुर्वेदलाई विश्वव्यापी बनाएको छ । उनका शिष्यहरू चरक र सुश्रुतले क्रमशः चरक संहिता र सुश्रुत संहिता ग्रन्थ लेखे । चरकले औषधीय उपचार र जीवनशैलीमा जोड दिए भने सुश्रुतले शल्यचिकित्साको विस्तार गरे। यी दुवै ग्रन्थहरूमा धन्वन्तरीको शिक्षाको प्रभाव स्पष्ट देखिन्छ।

**अमृत र धर्मप्रतिको समर्पण**

समुद्र मन्थनबाट प्राप्त अमृत देवता र असुरबीच बाँडिनुपर्ने थियो, तर असुरहरूले अमृत कब्जा गर्ने प्रयास गरे। त्यस बेला भगवान विष्णुले मोहिनी रूप धारण गरी अमृत देवताहरूलाई दिए, र धन्वन्तरीले यस कार्यमा सहयोग गरे । यो प्रसङ्गले धन्वन्तरीको धर्म, न्याय र सत्यप्रतिको निष्ठा दर्शाउँछ।

उनको उत्पत्ति र कार्यहरूले उनलाई वैदिक साहित्य र भारतीय संस्कृतिमा विशेष स्थान प्रदान गरेको छ । धनवन्तरीको कथा समुद्र मन्थनसँग जोडिएको बताइन्छ । र, उनको योगदानले आयुर्वेदिक चिकित्सा पद्धति र मानव कल्याणमा ठूलो प्रभाव पारेको छ।

# हबेली क्याफे सञ्चालनमा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज उपमहानगरपालिका वडा नम्बर १४, भाटभटेनी सुपरमार्केटको छेउमा नयाँ र आकर्षक रेस्टुरेन्ट 'हबेली क्याफे' सञ्चालनमा आएको छ। विशेषगरी युवा पुस्तालाई लक्षित गरेर खोलिएको क्याफेले स्वादिष्ट फास्टफुड परिकार पस्किरहेको छ।

रेस्टुरेन्टको शान्त र आकर्षक वातावरणले साथीभाइ वा परिवारसँगै फुर्सदको समय बिताउन चाहनेका लागि उत्तम गन्तव्य बन्नसक्ने देखिन्छ । रेस्टुरेन्टले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नुका साथै वीरगंजको परिकार विविधतामा थप टेवा पु¥याउने विश्वास गरिएको छ।

सम्पादकीय

# धनतेरस, दीपावली, नेपाल सम्वत् र छठ पर्व आगमन

मधेशमा धमाधम पर्वको रौनक शुरु भएको छ। सौरमासको कात्तिक सङ्क्रान्तिका दिन यो वर्षको दीपावली (तिहार) पर्व शुरु भएको छ। मधेशका मिथिलाक्षेत्रमा कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म रहने दीपावली पर्वको पहिलो दिन 'धनतेरस' मनाइएको छ। मिथिलाको जनबोलीमा 'दिवाली' भनिने यो पर्वलाई 'यमपञ्चक' भनिन्छ।

पर्वको पहिलो दिन धातुका नयाँ समान जोडेर लक्ष्मीको आराधना गर्दै 'धनतेरस' पर्व मनाइने तयारी छ। सामान्यतया पाँच दिनको यो पर्व यसपालि तिथिको भोग घटबढले छ दिनको भएको छ। शनिबार अपराह्न १३:२३ पछि त्रयोदशी लाग्नेहुँदा यसै तिथिको साँझ 'धनतेरस' मनाइएको हो।

शनिबार अपराह्न १३:२३ सम्म द्वादशी तिथिको भोग रहे पनि त्यसपछि त्रयोदशी तिथि शुरु हुने भएको हुँदा धनतेरस मनाइएको छ। 'धनतेरस' लक्ष्मीकै आराधना भएको र यो सन्ध्याकालदेखि गरिने मैथिल चलन छ। मिथिलामा चाडपर्व र तिथि प्रयोजनसँग जोडिने कार्यहरू विद्यापति र मिथिला पञ्चाङ्गका आधारमा निर्णय गर्ने चलन छ। अपराह्न नै त्रयोदशी शुरु भएर 'धनतेरस' मनाइए पनि यसै तिथिको कागपूजा भने भोलि आइतबार नै हुनेछ। यसैगरी, लक्ष्मीपूजा र गाईपूजा पनि एकदिन अघि पछि परेको छ। सामान्यतया दिवालीको पहिलो दिन त्रयोदशी तिथिमा कागपूजा र धनतेरस एवम् औँसीमा गाईपूजा र सन्ध्यापछि लक्ष्मीपूजा गरिने चलन हुन्छ। तर यसपालि रातको औँसी सोमबार नै परेको हुँदा सोही दिन लक्ष्मीपूजा गरिने छ।

यसपालि तिथिको भोग घटबढले फरकफरक दिन (एकदिन अघिपछि) यी पर्वविधि गरिन पर्ने भएको हो। धनतेरस शनिबार र भैयादूज (भाइटीका) आउने बिहीबार परेको हुँदा पाँच दिनको भनिने 'यमपञ्चक' यसपालि एक दिन बढेर छ दिनको भएको हो। दीपावली मुख्यतः धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिने पर्व भएको हुँदा पहिलो दिन नै नयाँ वस्तु जोडेर लक्ष्मी खुसी पार्न 'धनतेरस' पर्वको परम्परा चलेको पाका मैथिल बताउँछन्। यसको लगत्तै मधेशमा छठ पर्वको खास उल्लास हुन्छ। यो तराई मधेशको मूल पर्व हो। मधेशमा बसेका नेवार समुदाय नेपाल सम्वत् पनि मनाउँछन् र म्हः पूजा गर्छन्। यसरी सबै जात र समुदायको पर्वले मधेशमा रौनक बढेको छ। सबै पर्वहरुको शुभकामना।

# व्यापार युद्धमा ट्रम्पलाई 'झस्काइदिने' चीनको नयाँ योजना

ओस्मन्ड चिआ

गत साता चिनियाँ वाणिज्य मन्त्रालयले एउटा दस्तावेज प्रकाशित ग¥यो, जसको नाम थियो 'सन् २०२५ को घोषणा नं ६२।' तर त्यो कुनै साधारण प्रशासनिक सन्देश थिएन। त्यसले अमेरिकासँग भएको धरमराउँदो व्यापार सम्झौतालाई हल्लाइदियो।

घोषणामा दुर्लभ खनिज ('रेअर अर्थ')को निर्यातमा लगाइएका नयाँ प्रतिबन्धहरूबारे विस्तृत रूपमा समेटिएको थियो, जसले ती पदार्थको न्तर्राष्ट्रिय आपूर्तिमाथि बेइजिङको पकडलाई अझ बलियो बनाएको छ र व्यापार युद्धमा चीनले कति लाभ लिन्छ भन्ने कुरा अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पलाई स्मरण गराएको छ। स्मार्टफोनदेखि लडाकु विमानसम्म सबै सामानको निर्माणका लागि आवश्यक पर्ने दुर्लभ खनिज पदार्थको प्रशोधनमा चीनको लगभग पूरै एकाधिकार रहेको छ।

'रेअर अर्थ' रासायनिक हिसाबले समान रहेका १७ वटा तत्त्वहरू हुन्, जुन मुख्यतः उच्च प्रविधि उत्पादनका लागि आवश्यक पर्छन्। तीमध्ये अधिकांश प्रकृतिमा प्रचुर मात्रामा पाइन्छन्, तर शुद्ध रूपमा पाउन आसामान्य र निकाल्न खतरनाक हुने भएकाले त्यसलाई दुर्लभ भनिएको हो। नयाँ नियमानुसार विदेशी कम्पनीहरूले निकै थोरै मात्रामा भए पनि अब ती उत्पादनहरूको निर्यातका निम्ति चिनियाँ सरकारको अनुमति लिनुपर्ने हुन्छ र त्यसको प्रयोगबारे खुलाउनुपर्ने हुन्छ।

त्यसको जवाफस्वरूप अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले चिनियाँ सामानहरूमाथि अतिरिक्त सय प्रतिशत ट्यारिफ लगाउने घोषणा गरेका छन् र प्रमुख सफ्टवेअरमाथि निर्यात नियन्त्रण गर्ने चेतावनी दिएका छन्। 'यो भनेको चीन एकतर्फ र बाँकी विश्व अर्कोतर्फ हुनु हो। उनीहरूले सिङ्गो स्वतन्त्र विश्वको आपूर्ति प्रणाली तथा औद्योगिक आधारलाई निसाना बनाएका छन्। हामी त्यसलाई सहन सक्दैनौँ,' अमेरिकी अर्थमन्त्री स्कट बेसन्टले भने।

बिहीवार चिनियाँ वाणिज्य मन्त्रालयका प्रवक्ताले त्यसको प्रतिवाद गर्दै सेप्टेम्बरमा मड्रिडमा चीन–अमेरिका अर्थ तथा व्यापार वार्तालगत्तै भने, 'चिनियाँ पक्षको तर्फबाट बारम्बार सहमति व्यक्त भइरहँदा अमेरिकी पक्षले मात्र २० दिनमा चीनलाई दबाउन २० वटा नियम लागु गऱ्यो।'

**चर्कँदो व्यापार युद्ध**

यो साता विश्वका दुई ठूला अर्थतन्त्रहरूले एकअर्काका पानीजहाजहरूको हकमा नयाँ बन्दरगाह शुल्क लगाएका छन्। व्यापार युद्ध चर्किएसँगै गत मे महिनामा अमेरिकी तथा चिनियाँ उच्च अधिकारीहरूबीच भएको सम्झौताले तुलनात्मक रूपमा ल्याएको सहजतालाई अन्त्य भएको छ।

यसै महिनाको अन्त्यतिर ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिन्पिङबीच भेटवार्ता हुने अपेक्षा गरिएको छ र 'रेअर अर्थ'माथि लगाएका प्रतिबन्धहरूका कारण अमेरिकाको हात माथि रहने विज्ञहरूले बीबीसीलाई बताएका छन्।

अस्ट्रेलियाको एडिथ कोवान विश्वविद्यालयस्थित अन्तर्राष्ट्रिय व्यापार विषयका लेक्चरर नाओइस मक्डोनागका अनुसार नयाँ चिनियाँ नियन्त्रणले अमेरिकी आपूर्ति सञ्जाललाई लक्ष्यित गरेकाले 'प्रणालीलाई स्तब्ध' तुल्याउने छ।

'अमेरिकीहरूले संवादका लागि चाहिरहेको समयसीमालाई यो समयले बिथोलिदिएको छ,' उनले अगाडि थपे। सौर्य प्यानल, विद्युतीय कार र सैन्य उपकरणहरूको उत्पादनका लागि 'रेअर अर्थ' हरूको आवश्यकता पर्छ। उदाहरणका निम्ति एउटा एफ–३५ लडाकु विमान बनाउन त्यसको स्टेल्थ कोटिङ, मोटरहरू, रेडारहरू र अरू पार्टपुर्जाका निम्ति ४०० किलोग्रामभन्दा बढी दुर्लभ खनिज चाहिन्छ।

**चीनको दबदबा**

परामर्शदाता कम्पनी न्यूल्यान्ड ग्लोबल ग्रूपकी नताशा झा भास्करका अनुसार विद्युतीय सवारीसाधनमा चुम्बकका लागि प्रयोग हुने धातुको करिब ७० प्रतिशत हिस्सा चीनले निर्यात गर्छ। चीनले 'रेअर अर्थ'को प्रशोधनमा दबदबा कायम राख्न कडा मेहनत गरेको यूनिभर्सिटी अफ टेक्नोलजी सिड्नीस्थित अनुसन्धानकर्ता मरिना झाङ्ग बताउँछिन्।

यो क्षेत्रका लागि उसले व्यापक प्रतिभाहरू तयार पारेको छ र उसका अनुसन्धान तथा विकास सञ्जाल अरू प्रतिस्पर्धी मुलुकहरूको भन्दा धेरै वर्ष अगाडि रहेको उनी अगाडि थप्छिन्। संयुक्त राज्य अमेरिका र अरू देशहरूले दुर्लभ खनिजको चिनियाँ आपूर्तिका विकल्पहरूमा व्यापक लगानी गरिरहे पनि त्यो लक्ष्य प्राप्तिमा तिनीहरू अझै टाढा छन्।

ठूलो मात्रामा दुर्लभ खनिज भण्डारण रहेको अस्ट्रेलियालाई चीनका लागि एउटा सम्भावित चुनौतीको रूपमा हेरिँदै छ। तर उसको उत्पादन पूर्वाधार अझै विकसित भइसकेको छैन, जसले प्रशोधनलाई तुलनात्मक रूपमा महँगो बनाउने झाङ्ग बताउँछिन्। 'अमेरिका र उसका साझेदारहरूले दुर्लभ खनिज प्रोसेसिङलाई राष्ट्रिय गौरवको आयोजना बनाएको खण्डमा पनि चीनको तहमा पुग्नका लागि कम्तीमा पाँच वर्ष लाग्ने देख्छु म,' उनले थपिन्।

बेइजिङले गत एप्रिलमा घोषणा गर्दा विश्वव्यापी आपूर्तिमा सङ्कट निम्त्याएको कदमलाई नयाँ प्रतिबन्धहरूले विस्तार गरेका छन्। त्यस बेला युरोप र अमेरिकाले एकपछि अर्को सम्झौता गरेपछि त्यो अभाव टरेको थियो। एक वर्षअघिको तुलनामा यो वर्ष महत्त्वपूर्ण खनिजको निर्यात ३० प्रतिशतले घटेको चीनको नयाँ तथ्याङ्कले देखाएको छ। तर निर्यातमा देखिएको कमीका कारण चिनियाँ अर्थतन्त्रमा असर नपर्न सक्ने विश्लेषकहरू बताउँछन्।

**मौद्रिकभन्दा कूटनीतिक मूल्य बढी ?**

न्यूयोर्क विश्वविद्यालयस्थित प्राध्यापक सोफिआ कलान्त्जाकोसका अनुसार चिनियाँ अर्थतन्त्रमा दुर्लभ खनिजको योगदान एकदमै सानो अर्थात् १८.७ ट्रिलिअन डलर मात्र रहेको छ। केही अनुमानका अनुसार 'रेअर अर्थ' निर्यातको मूल्य चिनियाँ जीडीपीको ०.१ प्रतिशतभन्दा पनि कम रहेको छ। चिनियाँ अर्थतन्त्रमा दुर्लभ खनिजको योगदान सानो भए पनि अमेरिकासँगका वार्ताहरूमा लाभ पु¥याउने भएर त्यसको रणनीतिक मूल्य 'ठूलो' रहेको उनी बताउँछिन्।

चीनमाथि 'धोका दिएको' आरोप लगाउने भए पनि अमेरिकी अर्थमन्त्री बेसन्टले बेइजिङसँग वार्ताका लागि ढोका खुलै राखेका छन्। 'मलाई विश्वास छ चीन छलफलका लागि खुला छ र यो तनावलाई मत्थर गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु,' उनले भने।

कलान्त्जाकोसका अनुसार अमेरिकासँग हुने व्यापार वार्ताअघि चीनले 'आफ्नो स्थितिलाई व्यवस्थित बनाएको' हो। दुर्लभ खनिजहरूको निर्यातमा कटौती गरेर बेइजिङले वाशिङ्टनमाथि एउटा अनुकूल सम्झौताका निम्ति 'सबैभन्दा राम्रो तात्कालिक साधन' पाएको भास्कर बताउँछिन्।

अल्पकालका निम्ति चीनसँग कार्ड भए पनि बेइजिङसँग केही रणनीतिक विकल्पहरू रहेका सिङ्गापुर म्यानेज्मन्ट यूनिभर्सिटीका जिआओ याङ्ग बताउँछन्।

उनका अनुसार अमेरिकाले ट्यारिफ घटाउन सक्छ, जुन बेइजिङका लागि आकर्षक हुन सक्छ किनकि व्यापार युद्धले उसका उत्पादनलाई नराम्ररी प्रभावित पारेको छ। चिनियाँ अर्थतन्त्र उसले उत्पादन गर्ने सामान तथा तिनको निर्यातमा निर्भर छ। ताजा आधिकारिक तथ्याङ्कअनुसार अघिल्लो वर्षको तुलनामा चीनले अमेरिकालाई गरेको निर्यात २७ प्रतिशतले घटेको छ।

वाशिङ्टनले चिनियाँ प्रविधि क्षेत्रको विकासमा असर पु¥याउने गरी थप व्यापार प्रतिबन्धहरू लगाउने धम्कीहरू दिन सक्ने प्राध्यापक मक्डोनाग बताउँछन्। उदाहरणका लागि ह्वाइट हाउसले एन्भिडिआका अत्याधुनिक चिप्स खरिद गर्ने चिनियाँ कदमलाई रोकेर उसको उच्चस्तरीय सेमिकन्डक्टरको आवश्यकतालाई निसाना बनाइसकेको छ। तर विज्ञहरूका अनुसार त्यसको सीमित असर मात्र पर्ने देखिन्छ।

प्राध्यापक मक्डोनागका अनुसार बेइजिङको प्रविधि उद्योगलाई लक्ष्यित गर्दै चालिने कदमले चीनको गति मन्द बनाउन सक्ला, तर त्यसलाई 'निष्प्रभावी बनाउन नसक्ला।' दीर्घकालीन लक्ष्यहरू हासिल गर्नका निम्ति केही दुःख पनि झेल्ने गरी आर्थिक रणनीति चीनले अवलम्बन गरेको देखिएको उनी बताउँछन्। 'अमेरिकी निर्यात नियन्त्रणअन्तर्गत चर्को मूल्य चुकाउनुपर्ने भए पनि चीन अगाडि बढ्न सक्छ। तर दुर्लभ खनिजको आपूर्ति रोकिएमा सबैको उद्योग रोकिन सक्छ। ठूलो फरक भनेको यही हो।' बीबीसी

# आयुर्वेदको संरक्षण, सम्वद्र्धन र समृद्धितर्फ नेपालको राष्ट्रिय प्रतिबद्धता



डा श्याम बाबु यादव

आयुर्वेदमा स्वास्थ्य र औषधिको देवता भगवान् धन्वन्तरीको जन्म जयन्तीको रूपमा कात्तिक कृष्ण त्रयोदशी तिथिमा धन्वन्तरी दिवस मनाइन्छ। धन्वन्तरी भगवानले प्रकृर्तिमा नै रहेका जडीबुटीबाट समस्त मानव जीवनको स्वास्थ्य को रक्षा गरी मनुष्य जीवनको उद्धार गरेको हुनाले यस दिनलाई वैध, कविराज आयुर्वेदाचार्य हरुले धन्वन्तरी भगवान्को सम्झनामा विविध कार्यक्रम गरी मनाउने चलन रहेको छ। सत्य युगमा समुद्र मन्थन गर्दा अमृतको घडासहित कात्तिक कृष्णपक्ष त्रयोदशीका दिन भगवान् धन्वन्तरीको प्रकट भएको थियो। धन्वन्तरीलाई भगवान् विष्णुका २४ वटा अवतारमध्ये एक अवतार मानिन्छ।

वैदिक हिन्दू दर्शनका चार उपवेदमध्येको आयुर्वेदको पुस्तक र प्रकृतिले दिएको औषधिको प्रतीकका रुपमा जडीबुटी लिएका भगवान् धन्वन्तरीलाई आयुर्वेद चिकित्सा क्षेत्रका संस्थापकको रुपमा लिने गरिन्छ। आरोग्य प्रदानको लागि समुद्र मन्थनमा अमृत कलश बोकी संसारमा अवतरित धन्वन्तरीलाई सम्मान गर्ने धार्मिक, सांस्कृतिक तथा स्वास्थ्य जागरुकताको यो दिवस एक महत्वपूर्ण अवसर हो। आजको दिनलाई आयुर्वेदका चिकित्सकहरूले सत्सङ्कल्प गरी शुभकार्य प्रारम्भ गर्ने अवसरका रूपमा लिने गर्छन्।

प्राचीनतम् वैदिक चिकित्सापद्धति आयुर्वेदका प्रवर्तक धन्वन्तरीको उत्पत्ति भएको सम्झनामा देशभर विविध कार्यक्रम गरी धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसको विजशेष महत्व रहेको छ। आयुर्वेदसँग सम्बन्धित विभिन्न संस्थाहरूले देशभर विभिन्न कार्यक्रमसहित राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती मनाउने भएका छन्।

यो दिवस कार्तिक कृष्णपक्षको त्रयोदशी अर्थात कागतिहारको दिन पर्दछ। जसलाई धनतेरस पनि भनिन्छ। धनतेरसका दिन भगवान् धन्वन्तरीको विशेष पूजा हुन्छ। यो दिन धनका देवता कुबेरको जन्मोत्सव मनाउने पर्व हो। धनतेरसका दिन नेपालको तराई क्षेत्र र समस्त भारतमा नयाँनयाँ भाँडाकुँडा र सुनचाँदीका गरगहना किनमेल गर्ने परम्परा छ।

धन्वन्तरी दिवसलाई राष्ट्रिय आरोग्य दिवसका रूपमा विसं २०५६ देखि मनाउन थालिएको हो। हरेक वर्ष कात्तिक कृष्ण त्रयोदशीमा मनाइने यो दिवस यस वर्ष "राष्ट्रिय आरोग्य दिवस एवम् धन्वन्तरी जयन्तिको नारा 'आरोग्यताको आधार ! योग, ध्यान र आयुर्वेद उपचार' भन्ने नाराका साथ मनाउन नेपाल आयुर्वेद चिकित्सक सङ्घले देशभरिका आयुर्वेद स्वास्थ्य संस्थाहरुलाई आह्वान पनि गरेको छ। एक उपचार पद्धति मात्र नभई आयुर्वेद सम्पूर्ण जीवनशैलीको विज्ञान भएको हुँदा यस दिनलाई राष्ट्रिय आरोग्य दिवसको रूपमा पनि मनाउने व्यवस्था गरिएको छ, जसले आयुर्वेदलाई राष्ट्रिय स्वास्थ्य प्रणालीमा आबद्ध गर्ने भव्य लक्ष्यको प्रतिबद्धता देखाउँछ। यसले हाम्रो प्राचीन चिकित्सा ज्ञानलाई संरक्षण गर्ने मात्र नभई वर्तमान एवम् भविष्यका स्वास्थ्य चुनौतीहरूको सामना गर्न यसको वैज्ञानिक प्रवद्र्धन तथा आधुनिकीकरणमा जोड दिन्छ।

आयुर्वेद एक समग्र जीवन विज्ञान हो, जसले शरीर, मन र आत्माको सन्तुलन कायम राख्न शारीरिक र मानसिक तत्वहरूको सन्तुलनको सिद्धान्तमा आधारित चिकित्सा पद्धति प्रदान गर्दछ। आयुर्वेदले व्यक्तिको प्रकृतिअनुसारको आहार, जीवनशैली, मानसिक स्वास्थ्य र सामाजिक व्यवहारलाई समायोजन गरी दीर्घायु र रोगमुक्त जीवन प्रदान गर्छ। यसले निवारणात्मक र प्रवद्र्धनात्मक स्वास्थ्य दृष्टिकोणलाई विशेष महत्व दिन्छ, जसले आजका जटिल, जीवनशैली आधारित रोगहरूको उपचारमा पनि प्रभावकारी भूमिका खेल्न सक्छ। आयुर्वेदको यो समग्रता विश्व स्वास्थ्य संगठनले समेत संरक्षणयोग्य परम्परागत चिकित्सा प्रणालीको रूपमा मान्यता दिइसकेको छ।

नेपालका भौगोलिक र जैविक विशेषताहरू आयुर्वेद सेवाका लागि अतिआधारभूत हुन्। हिमालदेखि तराईसम्मका दुर्लभ जडीबुटीहरू सङ्कलन र प्रयोगको लागि प्रशस्त सम्भावना छ। हाल काठमाडौँ नरदेवीमा रहेको आयुर्वेद अस्पतालसहित सबै प्रदेश र जिल्लामा आयुर्वेद स्वास्थ्य सेवा विस्तार भैरहेको छ। एक केन्द्रीय अस्पताल, तीनवटा प्रादेशिक अस्पताल, ७७ वटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पालिकास्तरीय आयुर्वेद शाखाहरू एवम् नागरिक आरोग्य सेवा केन्द्रमार्फत निःशुल्क स्वास्थ्य परीक्षण, निःशुल्क आयुर्वेद औषधि वितरण, शल्यकर्म, पंचकर्म, योग सहित विशिष्टिकृत सेवाहरूको पहुँच व्यापक बनाउनेजस्ता सकारात्मक प्रयासहरू समेत भइरहेका छन्। देशको सबै स्थानिय तहमा आयुर्वेद सेवाको पहुँचका लागि संस्थाहरु तथा कार्यक्रमहरु पुगेको र आरोग्यताको लागि नागरिक आरोग्य कार्यक्रम, स्वर्णप्राशन जस्ता कार्यक्रमहरु सञ्चालनमा रहेका छन्।

आयुर्वेद सेवाको विकासमा अझै धेरै चुनौतीहरू बाँकी छन्। कुशल तथा प्रशिक्षित जनशक्तिको अभावले सेवा गुणस्तर प्रभावित छ। आधुनिक औषधि निर्माण, गुणस्तर मानकीकरण र वैज्ञानिक प्रमाणीकरणमा पर्याप्त पुँजी र पूर्वाधार नभएकाले दायरा सीमित छ। जडीबुटीको दिगो सङ्कलन, प्रशोधन, संरचना र बजार विकासमा आवश्यक रणनीति अभाव छ। नागरिकले चाहेको स्वास्थ्य सेवा लिन पाउने नैसर्गिक हकको सुनिश्चितताका लागि नेपालको मौलिक एवम् राष्ट्रिय चिकित्सा पद्धति आयुर्वेदको सर्वांगीण विकास जरुरी हुन्छ।

आधुनिक स्वास्थ्य प्रणालीसँग एकीकृत आयुर्वेद सेवा प्रवाहको अभावले पनि सेवाको प्रभावकारिता र पहुँचमा बाधा पु¥याएको छ। कलेज तथा विश्वविद्यालयहरूमा आयुर्वेद शिक्षाको मानकीकरण अभाव, विदेशी देशहरूमा जस्तै आयुर्वेद क्षेत्रमा व्यवस्थित बजेट विनियोजन, अनुसन्धान संगठनहरूको सक्रियता र जनशक्ति विकासका लागि नीति निर्माणले नेपालमा दिर्घकालीन सुधार ल्याउन आवश्यक छ।


यी सबै चुनौतीहरूको समाधानका लागि आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले निर्माण गरेको रणनीतिक योजनामा लागुपर्ने प्रतिबद्धता जनाएको छ। तीन तहका सरकारसँग समन्वय गरी राष्ट्रिय नीतिमा परिमार्जन गर्ने, अनुसन्धान, र औषधि प्रमाणीकरणमा कडा नियम ल्याउने कार्य अघि बढाइएको छ। जडीबुटीखेतीलाई प्रोत्साहन गरी मूल्य श्रृङ्खला विकास गर्ने, निजी क्षेत्रसँग सहकार्य गर्दै डिजिटल स्वास्थ्य सेवा प्रविधि (जस्तै टेलिमेडिसिन) मार्फत दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने योजना छ। यसरी आयुर्वेदलाई समग्र स्वास्थ्य प्रणालीमा एकीकृत गराउने प्रयासले पारम्परिक चिकित्सा र आधुनिक प्रविधिको संयोजन सुनिश्चित गर्न मद्दत पुर्याउने छ।

धन्वन्तरी जयन्ती र राष्ट्रिय आरोग्य दिवसलाई हाम्रो स्वस्थ भविष्यतर्फ एक सशक्त सङ्कल्पका रूपमा स्वीकार्दै, नयाँ युगको आयुर्वेद सेवाको विकासमा सबै तहका निकायहरूले एकजुट भएर काम गर्नुपर्ने आवश्यकता रहन्छ। यसले मात्र हाम्रो स्वास्थ्य प्रणालीलाई दिगो, सर्वसुलभ र विश्वसनीय बनाउन मद्दत गर्नेछ र समृद्धि, सन्तोष र जीवन्तताको आधारशीला निर्माण गर्नेछ। अन्त्यमा राष्ट्रिय आरोग्य दिवसले आयुर्वेद चिकित्साको पहिचान र विस्तारमा थप योगदान दिन सकोस्। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# काभा पुरुष नेसन्स कपमा जित्ने नेपालको लक्ष्य

**काठमाडौँ।**
नेपाली राष्ट्रिय पुरुष भलिबल टोली हाल बङ्गलादेशमा हुने सेन्ट्रल एसियन भलिबल संघ (काभा) पुरुष नेसन्स कपमा पदक जित्ने लक्ष्यसहित तयारी गरिरहेको छ।



काभा नेसन्स कप खेल्दै नेपाली टोली करिब दुई वर्षपछि अन्तर्राष्ट्रिय प्रतियोगितामा फर्किंदैछ । नेपालले आगामी अक्टोबर २२ देखि २८ सम्म बङ्गलादेशको ढाकामा हुने काभा पुरुष नेसन्स कप खेल्दैछ । यसको तयारीका लागि नेपाली टोलीले गत असोज २ गतेदेखि प्रशिक्षण गरिरहेको छ।

करिब एक महिनाको तयारीबाट नै नेपालले ६ राष्ट्रले प्रतिस्पर्धा गर्ने काभा नेसन्स कपमा पदक जित्ने लक्ष्य राखेको छ । टोलीको तयारी छोटो छ भने अधिकांश युवा खेलाडी छन् । लामो समयदेखि खेलिरहेका अनुभवी खेलाडीहरू पलायन भइसकेका छन् । त्यसैले टोलीमा अधिकांश युवा खेलाडीहरू छन् । यसमा पनि टोलीले लामो समयदेखि अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको छैन।

भरत यादवको मुख्य प्रशिक्षणमा नेपाली टोलीले राउन्ड रोबिन लिगमा हुने प्रतियोगिता उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य राखेको छ । प्रशिक्षक भरतले दसैँ अगाडि देखि नै प्रशिक्षण गर्दै आएको र तयारी राम्रो भएको बताएका छन् । उनले श्रीलंका, बंगलादेश र तुर्कमिनिस्तान सबैभन्दा टोली रहेको उल्लेख गरे । तर, पनि पदक जित्ने लक्ष्यसहित यी देशविरुद्ध खेल्ने प्रशिक्षक यादवको लक्ष्य छ।

लामो समयदेखि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न नपाए पनि खेलाडीले नियमित घरेलु प्रतियोगिता खेल्ने पाएको उनी बताउँछन् । व्यक्तिगत रूपमा पनि क्षमतावान् खेलाडीले रहेकाले म्याच एक्सपोजरको कमी नदेखिने प्रशिक्षक यादवको विश्वास छ। लगातार पाँच खेल्न सक्ने फिटनेस खेलाडीमा आएको प्रशिक्षकको दाबी छ।

चाडपर्वको समय भए पनि खेलाडीहरू उत्साहित हुँदै देशको लागि केही गर्ने लक्ष्यमा रहेको प्रशिक्षक यादव बताउँछन् । देशमा जटिल परिस्थिति सिर्जना भए पनि नेपाल भलिबल संघले ठुलो आर्थिक भार उठाउँदै टोली पठाउने तयारी गर्नु नै रहेको प्रशिक्षक यादवको भनाइ छ । टाइसिट सार्वजनिक भए लगत्तै नेपालले त्यहीअनुरूप तयारी गरिरहेको उनी बताउँछन् ।

काभा यु–१९ मा राम्रो नतिजा ल्याएकाले पनि टोलीको मनोबल उच्च रहेको उनको विश्वास छ । ब्लक, रिसिभ र सर्भिसमा टोलीको तयारी गरिरहेको प्रशिक्षक यादव बताउँछन् । अधिकांश नयाँ खेलाडी भएकाले सिनियर खेलाडी कोर्टभित्र गाइड गरिरहेको उनको भनाइ छ।

नेपाल भलिबल संघ (एनभिए) ले शुक्रवार मात्र सामाजिक सञ्जालमार्पत लिफ्टर हरिहजुर थापा नेपाली राष्ट्रिय भलिबल टोलीको कप्तानमा पुनः जिम्मेवारी दिइसकेको छ । विभागीय टोली त्रिभुवन आर्मीबाट व्यावसायिक भलिबल खेल्दै आएका हरिहजुरले पुनः नेपाली राष्ट्रिय टोलीको कप्तानीमा जिम्मेवारी पाएका हुन् । दुई वर्षअघि उनले पहिलोपल्ट देशको कप्तानी गर्ने अवसर पाएका थिए । तर, अनुशासनहीन काम गरेपछि हरिहजुर एक महिनामै निलम्बनमा परे।

त्यसपछि आर्मीकै मानबहादुर श्रेष्ठ नेपाली टोलीको कप्तानमा नियुक्त भए । तर, मानबहादुर अस्ट्रेलिया पलायन भएपछि नेपाली भलिबल टोली कप्तानविहीन थियो।

संघले काभा नेसन्स कप अगाडि नै हरिहजुरलाई जिम्मेवारी दिएको हो । उनै हरिहजुरले तयारी छोटो भए पनि अन्तिम चरण पुगेको उल्लेख गर्दै अझै प्रशिक्षण लामो अवधिको हुनुपर्ने बताए । यसअघि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दा कम्तीमा दुई महिनादेखि प्रशिक्षण गर्ने गरेको उनले उल्लेख गरेका छन् । कप्तान हरिहजुरले तयारी कम भएको र त्यसैले टिम सेट हुने तरिकाले मात्र प्रशिक्षण गरिरहेको बताएका छन् । तर, आफ्नो टोली च्याम्पियन हुने लक्ष्यसहित तयारी गरिरहेको उनी बताउँछन् ।

उनले प्रतिद्वन्द्वी पनि त्यति बलियो नरहेको उल्लेख गर्छन् । तर, यसपल्ट अनुभवी खेलाडी नहुँदा केही असहज हुने उनको बुझाइ छ । युवा खेलाडीमा पनि आफू विश्वस्त रहेको उनी बताउँछन् ।

कप्तान हरिहजुरले पनि तुर्कमिनिस्तान, श्रीलंका र बंगलादेश बलियो टोली रहेको उल्लेख गरेका छन् । अन्य टोली भने आफ्नै स्तरको रहेको उनको बुझाइ छ । अधिकांश युवा खेलाडी रहेकाले खुलेर खेल्न नसक्दा चुनौती हुन सक्ने कप्तान हरिहजुरले उल्लेख गरे । युवा टोली हुँदा खेलमा हाबी हुँदा राम्रो प्रदर्शन हुने तर पछाडि परेको स्थितिमा दबाबमा पर्नसक्ने चुनौती कप्तान हरिहजुरले बताएका छन् ।

एनभिएको केन्द्रीय कार्यसमितिले प्रशिक्षक यादवकै सुझावमा टोलीको कप्तानीमा हरिहजुरलाई जिम्मेवारी दिएको हो । नेपालले आगामी अक्टोबर २२ देखि २८ सम्म बङ्गलादेशको ढाकामा हुने सेन्ट्रल एसियन भलिबल संघ (काभा) पुरुष नेसन्स कप खेल्दैछ । नेपालले उद्घाटन खेलमा तुर्किमिनिस्तानसँग खेल्नेछ। अक्टोबर २३ मा हुने दोस्रो खेलमा नेपालले बङ्गलादेशको सामना गर्नेछ । त्यसको एक दिनपछि मालदिभ्ससँग खेल्ने तालिका छ। राउन्ड रोविन लिगको चौथो खेलमा नेपालले एक दिनको आरामपछि अफगानिस्तानसँग खेल्नेछ।

त्यसपछि अक्टोबर २७ मा नेपालले श्रीलङ्कासँग खेल्नेछ। लिगको शीर्ष दुई स्थानमा रहने टोलीले फाइनल खेल्नेछ । १८ सदस्यीय प्रारम्भिक टोलीबाट संघले यसअघि नै १४ सदस्यीय टोली घोषणा गरिरहेको छ।

# तीन महिनामा १८ प्रतिशत बजेट खर्च

**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८२–८३ को सुरुआती तीन महिनामा सरकारले १८ प्रतिशत बजेट खर्च गरेको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार गत असोज मसान्तसम्ममा तीन खर्ब ६४ अर्ब ५८ करोड ९४ लाख रुपैयाँ अर्थात् वार्षिक विनियोजनको १८ दशमलव ५६ प्रतिशत खर्च भएको हो । चालु आर्थिक वर्षका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट ल्याएको थियो । कार्यालयका अनुसार असोज मसान्तसम्ममा चालुगत शीर्षकमा वार्षिक विनियोजनको २१ दशमलव ७५ प्रतिशत अर्थात् दुई खर्ब ५६ अर्ब ८० करोड ६० लाख रुपैयाँ खर्च भएको छ । यस्तै, पुँजीगत शीर्षकमा वार्षिक विनियोजनको चार दशमलव सात प्रतिशत अर्थात् १९ अर्ब १८ करोड ३४ लाख रुपैयाँ र वित्तीय व्यवस्था शीर्षकमा २३ दशमलव ६१ प्रतिशत अर्थात् ८८ अर्ब ६० करोड रुपैयाँ बराबर खर्च भएको छ ।

यही अवधिमा सरकारको राजस्व सङ्कलन वार्षिक लक्ष्यको १६ दशमलव ५१ प्रतिशत छ ।

यस वर्षका लागि सरकारले १५ खर्ब ३३ अर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेकामा हालसम्म दुई खर्ब ५३ अर्ब १८ करोड ७९ रुपैयाँ असुली भएको हो ।

आन्तरिक राजस्वतर्फ १४ खर्ब ८० अर्ब रुपैयाँ उठाउने सरकारी लक्ष्य रहेकामा असोज मसान्तसम्ममा वार्षिक लक्ष्यको १६ दशमलव ८३ प्रतिशत अर्थात् दुई खर्ब ४९ अर्ब पाँच करोड १४ लाख रुपैयाँ असुली भएको छ ।

यसैगरी ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ वैदेशिक अनुदान लिने लक्ष्य रहेकामा हालसम्म तीन दशमलव ७६ प्रतिशत अर्थात् दुई अर्ब ७२ लाख रुपैयाँ प्राप्ति भएको छ ।रासस


# एनपिएल दोस्रो सिजन सुरु हुनुअघि जनकपुरधाममा ट्रफी परेड

**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो सिजन सुरु हुनुअघि मधेशको राजधानी जनकपुरधाममा ट्रफी परेड गरिएको छ । सातै प्रदेशमा एनपीएलको ट्रफी परेड गराउने क्यानको कार्यक्रमअन्तर्गत जनकपुरधाममा पनि ट्रफी परेड गरिएको हो । जेन-जी आन्दोलनपूर्व कोशी प्रदेशबाट सुरु भएको क्यानको ट्रफी परेड कार्यक्रम अन्तर्गत शनिवार मधेशको राजधानी जनकपुरधाम आइपुगेको छ ।

एनपीएलको ट्रफीसहित जनकपुरधामको जानकी मन्दिरमा पूजा अर्चना पश्चात् सुरु भएको ट्रफी परेड नगरको विभिन्न भागको परिक्रमा गर्दै बसपार्क नजिक रहेको सीताशरण होटेल पुगेर समापन भएको छ । मधेश प्रदेशमा एनपीएलको ट्रफी परेड पश्चात् यो ट्रफी परेडका लागि अन्य प्रदेशहरूमा पनि पठाइने छ ।

परेडमा जनकपुर बोल्ट्सका साथै नेपाल क्रिकेट संघ धनुषाका पदाधिकारी र स्थानीयको उल्लेख्य सहभागिता रहेको छ । जनकपुर बोल्ट्स एनपीएलको पहिलो संस्करणको विजेता टोली पनि हो ।

# सयपत्री फूलखेतीमा रमाइरहेका पोखरेली युवा



**गण्डकी ।**
पोखरा महानगरपालिका–३३ भरतपोखरीको बागमाराका युवा युवराज आचार्यले विगत सात वर्षदेखि फूलको व्यावसायिक खेती गर्दै आएका छन् ।

उनले यस वर्ष पनि करिब पाँच रोपनी क्षेत्रफलमा तिहारका लागि सयपत्री फूल लगाएका छन् । यतिखेर बारीमा ढकमक्क फूल फूलेका छन्् । आचार्यले तिहारका लागि कर्मा ५५५ जातको सयपत्री फूल लगाएका छन् । उनले सुरुमा एक रोपनी क्षेत्रफलबाट फूलखेती सुरु गरे पनि यसबीचमा सात रोपनी क्षेत्रफलसम्म फूल लगाएको अनुभव सुनाए ।

पाँच रोपनी क्षेत्रफलमा फूलको खेती गर्दा करिब एक लाख रुपैयाँ लगानी भएको बताउँदै आचार्यले फूललाई बजारसम्म पु¥याउनसकेमा यसबाट राम्रै आम्दानी हुने विश्वास व्यक्त गरे । हार्डवेयर व्यवसाय सञ्चालनसँगै आफूले फूलखेतीलाई पनि निरन्तरता दिँदै आएको उनले बताए ।

बागमाराकै अर्का युवा सुदनराज अधिकारीले पनि करिब डेढ रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गरेका छन् । व्यावसायिक कृषिका विविध क्षेत्रमा सफल बन्दै आएका उनले पनि विगत केही वर्षयता फूलखेती गरिरहेका छन् । आफ्नो बारीमा करिब एक हजार २०० बोट सयपत्री फूल झपक्क फुलिसकेको बताउँदै अधिकारीले तिहारअगावै पनि चौरासीको पूजालगायत धार्मिक अनुष्ठानमा फूल बिक्रीसमेत भइसकेको जानकारी दिए ।

उनले असारको २०–२१ गते कर्मा ५५५ जातको सयपत्री फूल बीउ जमाएर साउनको १०–११ गतेतिर बिरुवा लगाएको बताए । 'बारीमा लगाएको फूल करिब १०५ दिनमा फुलिसकेको छ । यस वर्ष मौषम पनि राम्रो भएका कारण फूलको उत्पादन राम्रो भएको छ, यसबाट राम्रै आम्दानी हुने आशा छ,' आचार्यले भने ।

आचार्य र अधिकारी मात्रै होइन पछिल्लो समय पोखराका विभिन्न स्थानका युवा सयपत्री फूलको व्यावसायिक खेतीमा आकिर्षत भइरहेका छन्् ।महानगरपालिका र अन्य स्थानीय तहको सहयोगले पनि व्यावसायिक फूलखेतीमा आकर्षण बढाएको हो । पोखरा महानगरपालिका वडा नं ३३ मा व्यावसायिक कृषिमा लाग्ने जो कोहीका लागि वडाका तर्फबाट आवश्यक साथ र सहयोग भइरहेको वडाध्यक्ष रामचन्द्र अधिकारीले बताए ।

पछिल्ला वर्षमा तिहारमा मालाका लागि प्रयोग गरिने सयपत्री फूलमा पोखरा आत्मनिर्भर बन्दै गएको पोखरा महानगरपालिका कृषि विकाश शाखा प्रमुख मनहर कडरिया बताउछन् । उनका अनुसार विगतमा तिहारका लागि बाहिरबाट फूल आउने गरेकामा पछिल्ला वर्षमा त्यो क्रम क्रमशः घट्दै गएको छ ।

पछिल्ला वर्षमा अधिकांश परिवारले घरका लागि आवश्यक फूल आफ्नै बारीमा तयार गर्ने र व्यावसायिक फूलखेती गर्नेको सङ्ख्यासमेत बढेसँगै पोखरा सयपत्री फूलमा आत्मनिर्भर बन्दै गएको हो ।

शाखा प्रमुख कडरियाले सयपत्री फूलप्रतिको आत्मनिर्भरता बढाउने उद्देश्यले महानगरपालिकाले विगत तीन वर्षयता फूलको बीउ वितरणलगायत कार्यमा अनुदान सहयोगसमेत गर्दै आएको बताए । महानगरले फूलखेतीमा लाग्ने किसानलाई लक्षित गरी फूलको न्यूनतम समर्थन मूल्य तोक्नाका साथै आवश्यक अन्य सहयोग पनि प्रदान गरिरहेको उनले जानकारी दिए । 'यस वर्ष पोखरामा करिब ३०० रोपनी क्षेत्रफलमा तिहारका लागि सयपत्री फूलखेती गरिएको छ,' कडरियाले भने, 'विगत केही वर्षअघिसम्म तिहारका लागि आवश्यक ८० प्रतिशत फूल बाहिरबाट आउँथ्यो, अचेल यहाँ आवश्यक हुने करिब ८० प्रतिशत फूल स्थानीय उत्पादनले धानिरहेको छ ।'

यस वर्ष तिहारमा करिब चार करोड रुपैयाँको फूलको कारोबार हुने अनुमान छ । पोखरामा मात्रै तिहारमा तीन लाख माला बिक्री हुने अनुमान गरिएको महानगरले जनाएको छ । यस वर्ष फूलको बिक्री मूल्य प्रतिकिलो ३०० रुपैयाँ देखि ४०० रुपैयाँ तथा प्रतिमाला १०० रुपैयाँ देखि १५० सम्म निर्धारण गरिएको छ ।

यस्तै, प्रतिथुङ्गा १५ देखि २० ग्रामको पाँच रुपैयाँ, १० देखि १५ ग्रामको चार रुपैयाँ र पाँचदेखि १० ग्रामको दुई रुपैयाँ बिक्री मूल्य निर्धारण गरिएको छ । उत्पादकलाई बिक्रीमा सहजता ल्याउने उद्देश्यले महानगरपालिकाले पोखराका विभिन्न २५ ठाउँमा बिक्रीवितरण केन्द्रसमेत निर्धारण गरेको छ ।

फ्लोरिकल्चर एसोसिएसन नेपाल (फान)कास्कीका अध्यक्ष राम सुवेदीले पछिल्ला वर्षमा पोखरामा बाहिरबाट आउने गरेको फूलको आयात घटेको जानकारी दिए । महानगरपालिबाट तीन वर्षयता अनुदानका फूलको बीउ वितरणसँगै बजारीकरणमा पनि सहयोग प्राप्त भइरहेको उनले बताए । 'पोखरामा स्थानीय उत्पादनले पुग्ने भएकाले यहाँको उत्पादनलाई प्राथमिकता दिँदै व्यवसायलाई प्रोत्साहित गर्न आवश्यक छ,' अध्यक्ष सुवेदीको आग्रह छ ।रासस

# घरघरमै पुगे व्यापारी बढ्यो फूलको मूल्य



**भक्तपुर।**
यस पटकको तिहारमा सयपत्री र मखमली फूलको मूल्य वृद्धि भएको छ । घरघरमै व्यापारी र बिचौलिया फूल लिन आउन थालेपछि मूल्य वृद्धि भएको हो।

भक्तपुरमा सबैभन्दा बढी फूलखेती हुने सूर्यविनायक नगरपालिका–७ गुण्डुदेखि चाँगुनारायण नगरपालिका–९ ताथलीसम्मका किसानलाई प्रतिस्पर्धामा व्यापारीले घरघरमै गएर मूल्य बढी तिरेर फूल लिइरहेका छन्।

आइतबारदेखि तिहार सुरु हुँदैछ । तिहारको संघारमा फूल र मालाको मूल्य वृद्धि भएपछि उपभोक्ता भने मारमा परेका छन् । व्यापारीले आज एउटा मखमली फूलको माला ८० रुपैयाँ मा बिक्री गरिरहेका छन् । गुण्डुका किसानबाट भने शुक्रबारसम्म मखिमली फूलको प्रतिमाला २२ रुपैयाँ देखि २५ रुपैयाँ सम्मम खरिद गरेका किसानहरूले जनाएका छन्।

गुण्डुका पुष्प व्यवसायी रामेश्वर बस्नेतले आजबाट घरदैलोमा आएका व्यापारीले किसानबाट ३० रुपैयाँदेखि ३५ रुपैयाँ मै मखमली फूलको माला लिन थालेको र बजारमा प्रतिमाला ८० रुपैयाँदेखि ९० रुपैयाँमा बिक्री गर्न थालेको बताए । किसानले भन्दा व्यापारी र बिचौलियाले तेब्बर मूल्यमा बिक्री गर्न थालेपछि उपभोक्ता मारमा परेको उनले गुनासो गरे।

चाँगुनारायण–९ का स्थानीय पुष्प कृषकले ३० रुपैयाँमा माला बिक्री गरेकामा तिहार आएसँगै मूल्य बढेको बताएका छन् । भक्तपुरको गुण्डुकी मीना नगरकोटीले १५ वर्षदेखि व्यावसायिक रूपमा फूल तथा माला बिक्री गर्दै आएका छन् । यसपटक तिहार आएसँगै व्यापारी र बिचौलिया नै प्रतिस्र्धामा मूल्य बढाएर किसानको घरघरबाटै फूल उठाउन थालेको उनले बताईन।

स्थाननीय उर्मिला नगरकोटी तिहारको बेला फूल र मालाको व्यापारबाटै एउटा परिवारले एक रुपैयाँ लाखदेखि तीन लाख रुपैयाँ सम्म आम्दानी गर्ने गरेको बताउछन् । उनका अनुसार गुण्डुबाट मात्रै एक वर्षमा पाँच करोड रुपैयाँ भन्दा बढीको फूल उत्पादन तथा बिक्री हुने गरेको छ।

स्थानीय अनिता बस्नेतले यसवर्ष आफ्नो साडे दुई रोपनी जग्गामा गरेको फूलखेतीबाट तीन लाख रुपैयाँ आम्दानी गरेको बताईन । सयपत्री फूललाई स्थानीयले मुठा बनाएर बिक्री गर्ने गरेका छन् । चार–पाँच वटा सयपत्री फूलको मुठा पारेर एक मुठाको २० रुपैयाँ देखि २५ रुपैयाँसम्ममा बिक्री हुने गरेको उनले सुनाए।

सयपत्री फूललाई पाथी तथा ढ्वाङ्गा भरेर पनि बिक्री गरिन्छ । ढ्वाङ्गा करिब तीन पाथीभन्दा बढी हुन्छ । किसानले सयपत्री ढ्वाङ्को सात सय रुपैयाँ सम्म बिक्री गरेको र बजारमा भने किलोमा चार सय रुपैयाँ देखि पाँच सयमा बिक्री हुने गरेको बस्नेतले बताए।

यहाँका कृषकले एकैघरबाट ३० हजार रुपैयाँदेखि तीन लाखसम्मको सयपत्री फूल बिक्री गर्ने गरेका छन् । मध्यपुरथिमि नगरपालिका–५ राधेराधेस्थित पूजा पसल सञ्चालक कमलनाथ पौडेलले सयपत्री फूल किलोको ४५० रुपैयाँमा र मखमली फूलको माला ७० रुपैयाँमा बिक्री भइरहेको बताए। फूलको मूल्य भोलीबाट अझै बढेर आउने उनले बताए। यसवर्ष लामो झरी र वर्षातका कारण सयपत्री फूल मरेर उत्पादन कम भएपछि महँगो भएको पुष्प व्यवसायी रामेश्वर बासीले बताए। उनले टनेल बाहिर खल्ला रूपमा भएका फूलखेती सबै नष्ट भएको र टनेलमा लगाएको फूल बजारमा आएकाले मूल्य वृद्धि भएको बताए।रासस

# राति नौ बजेपछि देउसीभैली नखेल्न प्रशासनको आग्रह



**काठमाडौँ ।**

जिल्ला प्रशासन कार्यालय काठमाडौँले दीपावलीको अवसरमा कानूनद्वारा वर्जित गतिविधि नगर्न नगराउन आग्रह गरेका छन । कार्यालयले मैनवत्ती तथा बिजुलीको प्रयोग गर्दा सावधानी अपनाउन, आतिसबाजी, पटाका, भुइँचम्पा वा अन्य कुनै विष्फोटक तथा आगलागी हुने पदार्थको खरिद बिक्री, ढुवानी भण्डारण र प्रयोग नगर्न नगराउन सार्वजनिक सूचनामार्फत आग्रह गरेको छ ।

दीपावलीको अवसरमा देउसीभैलोलगायतका कार्यक्रम गर्दा मर्यादित, अनुशासित एवम् व्यवस्थित ढङ्गले बेलुका नौ बजेसम्म मात्रै गर्न र कुनै गुनासो नआउने गरी मात्र खेल्ने व्यवस्था मिलाउन सूचनामा अनुरोध गरिएको छ ।

'सार्वजनिक आवागमन हुने सडक मार्गमा अवरोध हुने गरी देउसीभैलो खेल्न पाइने छैन । सार्वजनिक स्थान, पदमार्ग, सडकमार्ग जस्ता स्थानमा आम सर्वसाधारणको आवागमनलाई वाधा पर्ने गरी कुनैपनि प्रकारको पूजा मण्डप वा दीपावली उत्सव थल बनाउन पाइने छैन,' सूचनामा भनिएको छ ।

चाडपर्वको समयमा सम्पत्ति चोरीको सम्भावना अधिक हुने गरेको विगतको घटनाबाट समेत पुष्टि भएको उल्लेख गर्दै सूचनामा घर खाली नहुने गरी चनाखो र सतर्क भई आआफ्नो घर रेखदेख गर्न, घर छोड्नुपरेको खण्डमा छिमेकीलाई जानकारी गराउन र शंकास्पद व्यक्ति आएको खण्डमा नजिकको प्रहरी एवम् सुरक्षा एकाइमा खबर गर्न जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ ।

अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी, मुल्यवृद्धि, म्याद नाघेका वस्तु विक्री वितरण गर्नेलगायतका उपभोक्ता हित विपरीतका कार्य नगर्न भनिएको छ ।

सवारी साधनमा क्षमता भन्दा बढी यात्रु नबोक्ने, मादक पदार्थ सेवन गरी सवारी नचलाउने, तोकिएको भाडादर भन्दा बढी भाडा नलिने, ट्राफिक नियम पालना गर्ने र गराउने कार्य गर्न समेत ध्यानाकर्षण गराइएको छ ।

गैरकानूनी रुपमा चिठ्ठा, जुवातास र अनलाइन सपिङका नाममा हुने अवैध कारोवार तथा विद्युतीय माध्यमबाट हुने ठगीबाट बच्न सबैलाई जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ ।रासस

# खोङटाङ–खावा भञ्याङ सडक स्तरोन्नति



**भोजपुर ।**

यहाँको टेम्केमैयुङ गाउँपालिकाको खोङटाङ–हुँगे–चोलन्ती हुँदै खावा भञ्याङ जोड्ने ग्रामीण सडक स्तरोन्नति गरिएको छ । पहिले सवारीसाधन गुडाउन मुस्किल हुने उक्त सडक हाल 'ग्राभेल' भई नाली र पर्खाल निर्माण भएसँगै सर्वसाधारणका लागि आवतजावत गर्न सहज बनेको छ । वर्षायाममा हिलो र हिउँदमा धुलो हुने यो सडक सुधार भएपछि गाउँलेको दैनिकी, आर्थिक गतिविधि र सेवासुविधा पहुँचमा सहज भएको हो ।

सडक सुधारसँगै किसानहरूको उत्पादन बजारसम्म पु¥याउन, विद्यार्थीहरूलाई विद्यालय पुग्न र बिरामीहरूलाई स्वास्थ्य संस्थासम्म जान सजिलो भएको छ ।

खोङटाङदेखि खावा भञ्याङसम्म करिब नौ किलोमिटर सडक तीन करोड ५० लाख रुपैयाँमा स्तरोन्नति गरिएको हो । गाउँपालिकाको पहलमा सङ्घीय सरकारको बजेटमा स्तरोन्नति गरिएको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले जानकारी दिए ।

यो सडक पश्चिमी गाउँपालिकाका बासिन्दालाई भोजपुर सदरमुकामसम्म जोड्ने प्रमुख मार्ग हो । सडक स्तरोन्नतिपछि स्थानीयवासीको दैनिकीमै परिवर्तन आएको स्थानीय रमेश विष्टले बताए । 'पहिले बिरामी, अशक्त र ज्येष्ठ नागरिकलाई हिँड्नसमेत गाह्रो पर्थ्यो,' उनले भने, 'अहिले गाडी सजिलै गुड्ने भएकाले ठूलो राहत भएको छ ।'रासस

# ग्रामीण सडक सञ्चालनमा आएपछि सहज



**बागलुङ ।**

यहाँका ग्रामीण सडक सञ्चालनमा आएपछि तिहारका बेला सर्वसाधारणलाई आवतजावत गर्न सहज भएको छ । बर्खाका कारण झण्डै चार महिनादेखि अवरुद्ध सडक अहिले आएर सञ्चालनमा आएका हुन् ।

दसैँमा खुल्नु पर्ने भए पनि लामो वर्षा हुँदा सडक थप बाढीपहिरोले अवरुद्ध भएका थिए । तिहार नजिकिएसँगै ग्रामीण सडक खुलेपछि स्थानीयलाई यात्रा गर्न र सामान ढुवानी गर्न सहज भएको छ । दसैँमा बोकेरै बजारदेखि सामान गाउँ पु¥याएका स्थानीयले सडक खुलेपछि गाडीमा ढुवानी गर्न थालेका छन् ।

असार दोस्रो सातादेखि बन्द भएका सडक खुलेपछि यात्रा गर्न र सामान ढुवानीमा सहज भएको निसीखोला गाउँपालिका–१ का कर्णबहादुर सुनारले बताए । गत साउनमा पहिरोले सडक पुरिएपछि गाउँलेले पैदल हिँड्न र बोकेर सामान ल्याउन बाध्य भएका थिए । सुनारले भने, 'यो वर्ष गाउँको बाटो ठाउँ–ठाउँमा पहिरोले पुरियो, दसैँमा खुल्नु पर्ने खुलेन, अहिले तिहार शुरु नहुँदै खुल्यो, दसैँमा त बजारबाट नुन, तेल र चामल बोकेर ल्यायौँ, तिहारमा चाहीँ गाडीलेनै ल्याउने भयो ।'

जिल्लाको सबैभन्दा विकट गाउँ नजाखानी, भल्लिवन र पाल्ले जोड्ने सडक पनि सञ्चालनमा आएका छन् । तमानखोला गाउँपालिकाले केही दिन अगाडि मेसिन लगाएर सडकको पहिरो पन्छाएपछि सञ्चालनमा आएका हुन् । नर्जा खोलामा पानीको बाहव बढी हुँदा दसैँमा सवारीसाधन चल्न नसकेको स्थानीय बिमल छन्त्यालले बताए ।

अहिले खोलामा पानीको बाहव कम भएपछि गाडी चल्न थालेको छ । तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले दसैँ अगावै सबै सडक खुलाउने प्रयास गरे पनि वर्षाका कारण नसकेकामा अहिले सबै सडक खुलाएको बताए । गाउँपालिकाको केन्द्र बोङ्गादोभानदेखि तमान, लम्मेला हुँदै म्याग्दी जोड्ने सडक भने खुङ्खानीखोलामा पानीको बहाव नघट्दा गाडी चल्न सक्ने अवस्था नरहेको उनको भनाइ छ । तर तमान लाम्मेलासम्म ढोरपाटनको खुङ्खा हुँदै सवारी साधान चल्ने अध्यक्ष बुढा मगरले बताए ।

निसीखोला गाउँपालिकाले पनि वडा नम्बर १ देखि ७ सम्मका अधिकांश सडक खुलाएको गाउँपालिकाले जनाएको छ । केही सडक खुलाउने क्रममै रहेको हुँदा तिहारसम्म खुलाई सक्ने गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले जानकारी दिए ।रासस

# जिल्ला प्रशासन कार्यालय पर्वत देशभरिमै उत्कृष्ट

**पर्वत ।**

गृह मन्त्रालयको कार्यसम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालय पर्वत देशभरिमै उत्कृष्ट भएको छ । गत आर्थिक वर्ष विसं २०८१–८२ को कार्यसम्पादन मूल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गरी नेपालमै उत्कृष्ट स्थान हासिल गरेको हो । एक सय पूर्णाङ्कको नतिजामा पर्वत प्रशासनले ९५ दशमलव ७१ अङ्क प्राप्त गरी नेपालमै पहिलो बनेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले जानकारी दिए। उनको अनुसार आर्थिक वर्ष विसं २०८१–८२ को पहिलो त्रैमासिकमा २९ दशमलव ०६, दोस्रो त्रैमासिकमा १९ दशमलव २५, तेस्रो त्रैमासिकमा १७ दशमलव ८७ र चौथो त्रैमासिकमा २९ दशमलव ५२ अङ्क प्राप्त गरेको थियो । गृह मन्त्रालयसँग भएको कार्यसम्पादन सम्झौतामा तोकिएका मापदण्डहरूमा पूर्ण रूपमा सम्पादन गरिएको मन्त्रालयको नतिजाले पुष्टि गरेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए । गृह मन्त्रालयले प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालयहरूको सेवा प्रवाह, कार्यसम्पादन क्षमता, जनउत्तरदायित्व, प्रशासनिक कार्यशैलीलगायतका मापदण्डहरूका आधारमा मूल्याङ्कन गर्दै आएको छ ।

पर्वतका प्रमुख जिल्ला अधिकारी घिमिरेका अनुसार कार्यालयले नागरिकसँगको सेवा प्रवाहमा पारदर्शिता, समयमै सेवा प्रदान गर्ने अभ्यास, दक्ष जनशक्ति परिचालन तथा प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै आएको छ । 'हामीले नागरिकका गुनासो चाँडो सुन्ने, सेवाग्राहीलाई सहज वातावरणमा सेवा दिने, तथा प्रशासनिक काममा चुस्ती ल्याउनेजस्ता प्रयासहरू गरेका छौँ,' प्रजिअ घिमिरेले भने, 'यो उपलब्धि सम्पूर्ण कर्मचारी टोली र स्थानीय सरोकारवालाहरूको सहकार्यको परिणाम हो ।'

यस उपलब्धिपछि कार्यालयले अझ प्रभावकारी सेवा प्रदान गर्ने प्रतिबद्धता र हौसला मिलेको उनको भनाइ छ । कार्यसम्पादन मूल्याङ्कनमा दोस्रो नम्बरमा भक्तपुर, तेस्रोमा नुवाकोट, चौथोमा मनाङ र पाँचौँमा धनकुटा परेका छन् । छिमेकी जिल्ला बागलुङ २४, म्याग्दी ३२ नम्बरमा परेको छभने सबैभन्दा कम नतिजा पाँचथर प्रशासनले पाएको छ । पाँचथरको ७३ दशमलव ८२ अङ्क प्राप्त गरेको छ ।रासस




# काठमाडौँका विभिन्न स्थानमा भेला प्रदर्शन निषेध




**काठमाडौँ ।**

जिल्ला प्रशासन कार्यालय काठमाडौँले विभिन्न स्थानमा आगामी दुई महिनासम्म भेला प्रदर्शन, धर्ना र जुलुसजस्ता विरोधका कार्यक्रम गर्न निषेध गरेको छ ।

प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलद्वारा शुक्रबार जारी आदेशमा पाँच जनाभन्दा बढी भेला नहुनसमेत भनिएको छ । विरोधका कार्यक्रम आयोजना गर्दा उत्तेजित भीडबाट तोडफोड, आगजनी जस्ता उच्छृङ्खल तथा अवाञ्छित गतिविधि हुन सक्ने र आपसी मुठभेड, भिडन्त एवम हुलदङ्गा वा अशान्ति हुनसक्ने आदेशमा उल्लेख छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ 'क' बमोजिम राष्ट्रपति कार्यालय शीतल निवासलगायतका क्षेत्रहरुमा आजदेखि लागु हुने गरी दुई महिनासम्मका लागि पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभाजस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको छ ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान अगाडिको चोकसम्म, सामाखुशी जाने मोडदेखि १०० मिटर दक्षिणसम्म र दक्षिण पश्चिमतर्क सामाखुशी जाने मोडदेखि सामाखुशी खोलासम्म निषेध गरिएको छ ।

हरित गृह (उपराष्ट्रपति कार्यालय) लैनचौर क्षेत्र, केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटलको सिमानासम्म नारायणहिटी दरबार सङ्ग्रहालय क्षेत्रमा भेला प्रदर्शन गर्न निषेध गरिएको छ ।

त्यसैगरी केशरमहल चोकदेखि नारायणहिटी दरबार सङ्ग्रहालय दक्षिण गेट हुँदै जयनेपाल मोडसम्म, नारायणहिटी दरबार सङ्ग्रहालय दक्षिण गेटदेखि महेन्द्र सालिकसम्म पनि निषेध गरिएको छ । सिंहदरबार क्षेत्रमा भद्रकाली मन्दिर (तीनकुने आइल्याड) को पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरबार मूल गेटसम्म, सिंहदरबार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय माविको मोडसम्म भेला प्रदर्शन निषेध गरिएको आदेशमा उल्लेख छ ।

पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरबारको उत्तरपूर्वी मोड र सो मोडदेखि सिंहदरबार पूर्वी गेट हुँदै हनुमानस्थान मन्दिरसम्म, सिंहदरबार मूलगेट अगाडिदेखि दक्षिणतर्फ सर्वोच्च अदालत अगाडि हुँदै पुरातत्व विभागको चोकसम्म, पुरातत्व विभागको चोकदेखि सिंहदरबार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म कुनै पनि भेला प्रदर्शन गर्न निषेध गरिएको छ ।

जिल्ला अदालतको पूर्वी मोडको प्रवेश मार्गदेखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म र प्रधानमन्त्री निवास बालुवाटार क्षेत्रमा पनि निषेध गरिएको छ । राष्ट्रियसभा अध्यक्षको निवास, प्रधानमन्त्री निवास, प्रधानन्यायाधीश निवास तथा राष्ट्रबैङ्क चोकदेखि पूर्वतर्फ जाने सडकको १०० मिटरसम्म भेला प्रदर्शन निषेध गरिएको आदेशमा उल्लेख छ ।रासस



**धनतेरस किनमेलः** नेपालीको दोस्रो ठूलो चाड तिहारको पहिलो दिन शनिबार धनतेरस पर्वको अवसरमा सप्तरीको राजविराजको हटियामा किनमेल गर्दै सर्वसाधारण । सुन, चाँदी, तामालगायत धातुका नयाँ भाँडाकुँडा किनेर ल्याई घरमा राखेर पूजाआराधना गरी यो पर्व मनाइन्छ । तस्बिरः रासस

# बारा र पर्सामा हैजाविरुद्ध खोप लगाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा र पर्सामा कुल जनसंख्याको ७१ प्रतिशतलाई हैजाविरुद्धको खोप दिइएको छ । स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले बारा र पर्सा दुवै जिल्लाको १० लाख १८ हजार ६० लक्षित जनसंख्यामध्ये सात लाख २३ हजार ८ सय ३६ ले खोप लिइसकेको जानकारी दिए ।
खोप शाखाले उपलब्ध गराएको विवरणअनुसार हैजा रोगविरुद्धको खोप अभियानको प्रारम्भिक तथ्याङ्कमा पर्सामा अभियान शुरु भएको छैँठो दिनमा छ लाख ५२ हजार १ सय २९ जनामा हालसम्म चार लाख ५६ हजार ७ सय ७८ जनाले खोप लिइसकेका छन् । यसैगरी बारामा तीन लाख ६५ हजार ९ सय ३१ मा दुई लाख ६७ हजार ५८ जनाले खोप लिइसकेका छन् ।
पर्सामा फैलिएको हैजा महामारीको प्रतिकार्यस्वरूप जिल्लाका सबै स्थानीय तह र पर्सासँग सिमाना जोडिएका बाराका छ वटा स्थानीय तहहरु, कलैया उप–महानगरपालिका, जितपुर–सिमरा उप–महानगरपालिका, परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका, फेटा गाउँपालिका र विश्रामपुर गाउँपालिकामा एक वर्ष उमेर माथिका सबैलाई हैजाविरुद्ध खोप दिइँदैछ ।
असोज २६ देखि पर्सा र २७ देखि बारामा शुरु भएको अभियान हाल सबै स्थानीय तहमा उत्साहका साथ सञ्चालन भइरहेको खोप शाखा प्रमुख डा गौतमले जानकारी गराए । उनले भने, 'हाललाई भोलिसम्म अभियानलाई निरन्तरता दिन्छौँ । कति सकिन्छ त्यसका आधारमा तिहारपछि सञ्चालन गर्ने योजना छ ।'नेपाल सरकारले पर्सा र बारामा देखिएको हैजा महामारीको उच्च जोखिमलाई ध्यानमा राखी खोप अभियान सञ्चालन गरेको हो । सरकारी तथा गैरसरकारी सङ्घ–संस्थाका कार्यालय, नियमित खोप सेवा सञ्चालन गर्ने बाह्य खोप केन्द्र, मन्दिर, मस्जिद, बसपार्क, नेपाल–भारत सिमानाका मुख्य नाका, उद्योग, कारखाना, इँट्टाभट्ठा जस्ता स्थानहरूबाट खोप खुवाइँदै छ ।

# भ्रष्टाचार अन्त्यबिना देश नबन्नेः यादव




**मधेशदृष्टि**
**महोत्तरी ।**
राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले देशको विकास सरकार परिवर्तनबाट होइन, भ्रष्टाचारको समूल नाशबाट मात्र सम्भव हुने बताएका छन् । शनिबार पिपरा गाउँपालिकामा र अभियानद्वारा आयोजित जनजागरण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि यादवले भने, 'देश विषम परिस्थितिबाट गुज्रिरहेको छ । प्रगति नहुनुको मूल कारण भ्रष्टाचार हो, जुन देशका हरेक तह र अंगमा व्याप्त छ । सरकार फेरेर मात्र समस्या समाधान हुँदैन, यसको लागि उच्चस्तरीय आयोग गठन गरी छानबिन गर्न आवश्यक छ ।'
यादवले लामो समयदेखि राष्ट्रिय एकता अभियानले भ्रष्टाचारविरुद्ध जनजागरण चलाउँदै आएको र अहिले जेन्जी पुस्ता जागरूक र सक्रिय भएको देखेर खुशी लागेको बताए । कार्यक्रममा अभियानका नेता मनीष पुर्वे हिन्दू, युवा नेता अमित यादव, सूरज यादव लगायतले मन्तव्य राखेका थिए । ९ सदस्यीय राष्ट्रिय एकता अभियान पिपरा गाउँपालिका समिति पनि गठन गरिएको छ । समितिको नेतृत्व राधेश्याम यादवले गरेका छन् भने उपाध्यक्ष रामकुमारी यादव, कोषाध्यक्ष जीवन मण्डल, सचिव गौतम कुमार साह, सदस्यहरू संझा पासवान, सत्तो साह, सुनीता पासवान, प्रमिला पासवान, भरत ठाकुर छन् ।

# डुबेर दुई बालकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
गरुडा नगरपालिका अन्तर्गत शिवनगर मन्दिर नजिकै रहेको झाझ खोलामा डुबेर शनिबार दिउँसो २ बालकको मृत्यु भएको छ ।
गरुडा नगरपालिका वडा नम्बर ५ शिवनगर स्थित महादेव मन्दीर नजिकै झाझ खोलामा दिउसो १२.५५ बजेको समयमा नुहाउन गएका अवस्थामा डुबेर २ बालकको मृत्यु भएको हो । झाझ खोलामा डुबेर स्थानीय देवाही गोनाही नगरपालिका–३ निवासी संजिव साहको १० बर्षीय छोरा निरज साह र राजकिशोर साहको १० बर्षीय छोरा अर्जुन कुमार साहको डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको हो ।
खोलामा दुई जना बालकहरु डुबेको अवस्थामा स्थानियले देखेपछि तत्कालै उद्धार गरेर शिवनगर स्थित संजिवनी अस्पतालमा उपचारको लागि ल्याउदा चिकित्सकले मृत घोषणा गरेको इप्रका गरुडाका डिएसपी शंकर आचार्यले जानकारी दिए ।

# १२ लाखका पटाका बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
दशैंदेखि तिहारसम्मको पर्वका बीचमा जिल्ला प्रहरी कार्यालय पर्साले ठूलो मात्रामा अवैध पटाका बरामद गरी नष्ट गरेको छ ।
जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार, वीरगंज र आसपासका क्षेत्रहरूमा चेकजाँच र नियमित गस्तीका क्रममा १२ लाख रुपैयाँभन्दा बढी मूल्यका पटाका फेला परेका हुन् । उनका अनुसार, सडकमा सवारी चेकजाँच, मातहतका प्रहरी कार्यालयहरूद्वारा निगरानी तथा विशेष गस्तीका क्रममा ती पटाका नियन्त्रणमा लिइएका थिए । बरामद गरिएका सबै पटाका शनिबार प्रहरी कार्यालयको प्रांगणमा खाल्डो खनी सुरक्षित रूपमा नष्ट गरिएको प्रहरीले जनाएको छ ।
अवैध रूपमा पटाका बिक्री, वितरण र प्रयोगले दुर्घटना तथा आपराधिक गतिविधिको जोखिम बढाउने भएकाले प्रहरी प्रशासनले निगरानी कडा पारेको जनाएको छ । साथै, प्रहरीले आम नागरिकलाई यस्ता वस्तु खरिद, बिक्री वा प्रयोग नगर्न अनुरोध गरेको छ ।
पुलिसका अनुसार, चाडपर्वको समयमा हुन सक्ने जोखिमपूर्ण गतिविधिहरू रोक्न सुरक्षा व्यवस्था मजबुत पारिएको छ र यसमा स्थानीय बासिन्दाको सहयोग आवश्यक रहेको उल्लेख गरिएको छ ।

# विश्वविद्यालयले अनुसन्धानमा ध्यान दिनुपर्छः मुख्यमन्त्री


**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मनमोहन विश्वविद्यालयले मुलुकको समृद्धिलाई ध्यान दिई अनुसन्धान कार्यक्रमतर्फ जोड दिनुपर्ने बताएका छन् ।
मोरङको बूढीगङ्गा गाउँपालिकास्थित विश्वविद्यालयको पाँचौँ सभाको शनिबार उद्घाटन गर्दै उनले शैक्षिक र उत्पादनमुलुक अनुसन्धान कार्यक्रमले मुलुकको समग्र विकास हुने भएकाले यसतर्फ विशेष ध्यान जानुपर्ने विचार राखे ।
मुख्यमन्त्री कार्कीले विश्वविद्यालयको स्वास्थ्यसम्बन्धी शैक्षिक कार्यक्रमलाई प्रदेश सरकारअन्तर्गतको धनकुटा अस्पतालमा केन्द्रित गर्न आग्रह गरे । उनले आगामी दिनमा विश्वविद्यालयलाई स्वायत्त संस्थाका रुपमा राखी थप बजेटको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरे ।
मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानसँगको सहकार्यमा केही समयपछि 'कोशी मोबाइल अस्पताल' तराईका तीन जिल्ला सञ्चालन गर्ने र क्रमशः प्रदेशका अन्य जिल्लामा विस्तार गर्दै जाने जानकारी गराए ।
उनले मुलुकमा सुशासन र भ्रष्टाचार नियन्त्रण हुनुपर्छ भन्दै नेपाली झण्डा ओढेर सरकारी, निजी सम्पत्ति नष्ट गर्ने कार्य गलत भएको विचार राखे ।
मुख्यमन्त्री कार्कीले पहाडी क्षेत्रबाट तराईमा बसोबास सर्ने कार्यको नियन्त्रणका लागि सरकारले स्वास्थ्य, शिक्षा र पर्यटकीय क्षेत्रको विकासमा विशेष ध्यान दिने बताए ।
विश्वविद्यालयका उपकुलपति डा सुषाश्री पोखरेलले विश्वविद्यालयले विभिन्न आयुर्वेदिक औषधि उत्पादनका लागि अनुसन्धान शुरु गरेको जानकारी गराउनुभयो ।रासस

# बैंकिङ कसुरका फरार व्यक्ति पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले बैंकिङ कसुर मुद्दामा फरार रहेका अनिल कुमार साहलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार, विशेष सूचनाको आधारमा खटिएको टोलीले वीरगंज महानगरपालिका–१५ ब्रहमचोकस्थित स्थानबाट वीरगंज–१६ बस्ने ३२ वर्षीय साहलाई प्रहरीले पक्राउ गरेको हो । साहलाई पर्सा जिल्ला अदालतले मिति २०८१ साउन २४ गते बैंकिङ कसुर मुद्दामा २ वर्ष कैद सजाय र १ करोड ९२ लाख ४० हजार रुपैयाँ जरिवाना तोकेको थियो । साथै, उनी अन्य दुई मुद्दामा पनि संलग्न रहेका थिए ।
पक्राउ परेका साहलाई पर्सा जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले जानकारी दिए ।

# प्रहरी भवन पुनर्निर्माण गरेर हस्तान्तरण

**मधेशदृष्टि**
**रौतहट ।**
भदौ २४ गते जेन्जी आन्दोलनक्रममा आगजनी भएर ध्वस्त बनेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको भवन स्थानीयबासीले पुनर्निर्माण गरी शनिबार औपचारिक रुपमा प्रहरीलाई हस्तान्तरण गरिएको छ । स्थानीयवासीले स्वैच्छिक चन्दा सङ्कलन र श्रमदानमार्फत पुनर्निर्माण गरेको भवन शनिबार प्रहरीलाई हस्तान्तरण गरिएको हो । हस्तान्तरण समारोहमा स्थानीय, जनप्रतिनिधि, सञ्चारकर्मी तथा सुरक्षाकर्मीहरूको उल्लेखनीय उपस्थिति थियो । भवन निर्माणका क्रममा सङ्कलित रकम र खर्चको विस्तृत विवरण समेत सार्वजनिक गरिएको थियो ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन